Learning today...Leading Tomorrow

# नवोदित

त्रैमासिक

## विद्यार्थीद्वारा सम्पादित

वर्ष ३ अङ्क ३ (२०७६ साउन-असोज)



# मन्थली क्याम्पसका चित्रमय झलक:


















Learning today, Leading Tomorrow

# नवोदित

## त्रैमासिक प्रकाशन

पूर्णाङ्क : ३ (२०७६ साउन-असोज)

**संरक्षक**
रामचन्द्र वियोगी
**अध्यक्ष, क्याम्पस सञ्चालक समिति**

**सल्लाहकारहरू :**
ऋषि कार्की
**क्याम्पस प्रमुख**
नारदकुमार थापा
**सहायक क्याम्पस प्रमुख**
टंकप्रसाद दहाल
**पूर्व क्याम्पस प्रमुख**
गुञ्जबहादुर श्रेष्ठ
**पूर्व क्याम्पस प्रमुख**
**सम्पादकहरू :**
प्रेम बसेल
**शिक्षा सङ्काय, चौथो वर्ष**
लक्ष्मी थापा मगर
**मानविकी सङ्काय, प्रथम वर्ष**
अस्मिता कार्की
**व्यवस्थापन सङ्काय, प्रथम वर्ष**
**भाषा सम्पादन सहयोगः**
पेशल आचार्य
बद्रीप्रसाद अधिकारी
खेचबहादुर खड्का

**आवरण :**
(मन्थली क्याम्पस परिसर)
**प्रकाशन मिति :**
२०७६ साउन, १५
**प्रकाशन संख्या :**
५०० प्रति
**कम्प्युटर टङ्कण**
संजीव श्रेष्ठ
सुजना सुवेदी
**लेआउट/सेटिङ्ग**
अमिर कान्त चौधरी
**मुद्रणः**
प्रिन्ट-टेक
मैतिदेवी, काठमाडौं, फोनः ०१-४४१०६४४

# सम्पादकीय

## सम्पादकीय

मन्थली सहिद स्मृति बहुमुखी क्याम्पस जिल्लाकै नमुना क्याम्पसका रूपमा रहेको छ। विश्वविद्यालय अनुदान आयोगबाट QAA प्राप्त गर्नका लागि पिआरटी भिजिट सम्पन्न भई अन्तिम चरणका कार्यहरू समेत पूरा भैरहेका परिस्थितिमा क्याम्पसमा अध्ययनरत विद्यार्थी र अध्यापनरत प्राध्यापकहरूका मौलिक, सिर्जनात्मक र समालोचनात्मक लेख, रचनाहरूको त्रैमासिक संकलन 'नवोदित' प्रकाशन गर्न पाउँदा हामीलाई खुसीको सञ्चरण भएको छ।

मानविकी, शिक्षाशास्त्र र व्यवस्थापन सङ्कायमा अध्ययनरत हामी विद्यार्थीहरूको सिर्जनात्मक क्षमतालाई प्रष्फुटन गर्ने कार्यमा यस्ता प्रकारका पत्रिकाहरूको प्रकाशनले हामीलाई अध्ययनमा थप ऊर्जा तथा प्रेरणा प्रदान गरेको अनुभूति हामीले सँगालेका छौं। यस अङ्कमा सकेसम्म सबै विधा र क्षेत्रलाई समेट्ने प्रयास गरेका छौं। भूलवशः छुटेका क्षेत्र र विषयमा आगामी अङ्कमा समेट्ने प्रयास गर्ने छौं। हामीलाई यो पत्रिका प्रकाशन गर्ने क्रममा रचनात्मक सहयोग गर्नु हुने हाम्रा साथीहरू, क्याम्पसमा अध्यापनरत गुरुहरू र विद्वान् लेखकहरूमा हामी नमन गर्न चाहन्छौं। यहाँ प्रकाशित लेख रचनाहरूले विद्यार्थी तथा प्राध्यापकहरूमा नयाँ ज्ञान सम्प्रेषण गर्न सक्यो भने हामी हाम्रो सफलता ठान्ने छौं।

आगामी अङ्कहरूमा हाम्रो 'नवोदित' त्रैमासिक प्रकाशनलाई क्याम्पसले थप रचनात्मक सहयोग तथा परिष्कृत बनाउनका लागि सबै प्रकारका सहयोग तथा हौसला प्रदान गर्ने अपेक्षा गर्दै हाम्रो यो प्रयासलाई जारी राख्ने प्रतिबद्धता समेत व्यक्त गर्न चाहन्छौं। हामीले आज गरेका ससाना सिर्जनात्मक कार्यहरूले भोलि हामीलाई या हामीभन्दा पछिका भाइपुस्तालाई मार्गदर्शन गर्न सक्यो भने हामी हाम्रो प्रयास सफल भएको महसुस गर्ने छौं। यो अङ्क यहाँहरूलाई कस्तो लाग्यो अवश्य पनि प्रतिक्रिया लेख्नु हुने छ। ❑❑

# विषयसूची


| | | | |
|---|---|---|---|
| १) | QAA प्राप्तिको अन्तिम चरणमा मन्थली क्याम्पस | - नारदकुमार थापा | ३ |
| २) | असफलता नै सफलताको सिँढी हो | - ब्रह्माकुमार भरतकुमार श्रेष्ठ | ४ |
| ३) | मलाई मन लाग्यो | - सुष्मा कार्की | ६ |
| ४) | गीत | - अप्सरा अधिकारी | ६ |
| ५) | "छुटेको जुत्ता" भित्रका पाइनदार कविताहरू | - पेशल आचार्य | ७ |
| ६) | मार्क्सवाद, सी जीनफिङ्वाद र समाजवादी शिक्षा | - वाई.पी.आचार्य | १२ |
| ७) | रोइरहेको नेपाल | - उमा ढुङ्गाना | १५ |
| ८) | कठै ! मेरो देश | - सञ्चिता के.सी | १६ |
| ९) | ए पुरुष ! | - सरिता खाती | १७ |
| १०) | Modern Government HR Vs Traditional Government HR | - Niraj Jha | १८ |
| ११) | गोविन्द गोठालेको 'भुसको आगो' नाटकमा सामाजिक द्वन्द्व | - खेचबहादुर खड्का | १९ |
| १२) | वर्तमान राजनीतिमा महिला सहभागिताको अवस्था | - सफल दाहाल | २७ |
| १३) | आधुनिक युग | - स्वस्तिका केसी | ३० |
| १४) | गजल | - यमबहादुर भुजेल | ३० |

लेख

# QAA प्राप्तिको अन्तिम चरणमा मन्थली क्याम्पस

● **नारदकुमार थापा**
सहायक क्याम्पस प्रमुख

मन्थली सहिद स्मृति बहुमुखी क्याम्पस २०५७ सालमा स्थापित जिल्लाको सामुदायिक क्याम्पस हो। स्थानीय स्तरमा जिल्लावासीहरूलाई उच्च शिक्षा प्रदान गर्ने उद्देश्यका साथ स्थापना भएको क्याम्पसले समयको माग र आवश्यक्ता अनुसार विभिन्न सङ्कायका कक्षा र विषयमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दै आएको छ। विद्यार्थीहरूलाई समयसापेक्ष शिक्षा प्रदान गर्नुपर्छ भन्ने विश्वव्यापी मान्यता अनुसार यस क्याम्पसले तालिम प्राप्त,अनुभवी अध्यापक र आधुनिक शैक्षणिक प्रविधिका माध्यमबाट गुणस्तरीय शिक्षा दिँदै आएको छ।

यस क्याम्पसमा स्नातक र स्नातकोतर तहमा गरी ५०० भन्दा बढी विद्यार्थीहरू अध्ययनरत छन्। समय समयमा अध्यापक तथा विद्यार्थीहरूलाई अनुसन्धानमूलक तथा खोजमूलक विषयवस्तुमा आधारित रहेर तालिम तथा गोष्ठीहरू क्याम्पसले प्रदान गर्दै आएको छ। यसले अध्यापक तथा विद्यार्थीहरूमा नयाँनयाँ ज्ञान, सीप तथा धारणाको विकास भई क्षमता विकासमा ठूलो सहयोग पुगेको पाइन्छ। क्याम्पसले विद्यार्थीहरूको रचनात्मक र सिर्जनात्मक क्षमताको विकास गराउन वार्षिक कार्यतालिका अनुसारको अतिरिक्त क्रियाकलाप, खेलकुद प्रतियोगिता र शैक्षिक अवलोकन भ्रमण जस्ता गतिविधिहरू सञ्चालन गरिरहेको छ। समुदाय र विद्यार्थीको मागअनुसार क्याम्पसले समाजशास्त्र र ग्रामीण विकास विषयमा स्नातकोत्तर तहको कक्षा सञ्चालनको लागि डिन कार्यालयमा प्रस्ताव पेश गरेको अवस्था छ।

विश्वविद्यालय अनुदान आयोगबाट विगत ५ वर्षदेखि QAA प्राप्तिका अन्तिम चरणमा क्रियाशील रहेको क्याम्पस सूचक अनुसार पूरा गर्नु पर्ने कार्यहरू गर्दै आइरहेको छ। एउटा क्याम्पस नमुना हुनका लागि चाहिने शैक्षिक, भौतिक र व्यवस्थापकीय पक्षका सम्पूर्ण सूचकहरू क्याम्पसले पूरा गरिसकेको अवस्था छ। स्तरीय कक्षाकोठा, आधुनिक प्रविधि, ई-लाइब्रेरी, लाइब्रेरी, खेलकुद मैदान, कम्प्युटर प्रयोगशाला, स्वच्छ खानेपानी, शौचालय, EMIS SYSTEM, उच्च सिकाइ उपलब्धि, WEBSITE SYSTEM र योजनाबद्ध शिक्षण जस्ता कार्यहरू पूरा गरिसकेको छ। आधुनिक गेट, मिडिया हल, सेमिनार कक्ष, चमेना गृह, विभिन्न विषयगत विभागहरू, समितिहरू गठन गरी शिक्षणमा नवीनतम् अवधारणाको शुरूवात क्याम्पसले गरिसकेको छ। परम्परागत शिक्षण विधि तथा प्रविधिको प्रयोगलाई प्रतिस्थापित गर्दै छलफल विधि, समस्या समाधान, समूहकार्य, प्रयोगात्मक कार्य, आधुनिक शैक्षणिक प्रविधि, परियोजना कार्यजस्ता विधि तथा प्रविधिका माध्यमबाट शिक्षण सिकाइ गतिविधि सञ्चालन गर्दै आएको छ। स्तरीय कम्पाउण्ड, चारैतिर सुन्दर बगैंचा तथा फूलबारी आदिले क्याम्पसको वातावरण झनै रमणीय भएको पाइन्छ।



हाल देशभर सञ्चालित सबै क्याम्पसहरूले गुणस्तरीय शिक्षा प्रदान गर्न नसकेको भन्ने आलोचना खेपिरहेको अवस्थामा यस क्याम्पसले समयानुकूलको वैज्ञानिक र व्यावहारिक शिक्षा प्रदान गर्ने हेतुले 'गुणस्तर सुनिश्चितता प्रत्यायान' QAA का लागि कार्य गर्दै आवश्यकीय सबै प्रकारका चक्र पूरा गरिसकेको अवस्था छ। अहिलेको बजारमाग अनुसारको दक्ष, योग्य, सीपयुक्त र उत्पादनशील नागरिक उत्पादन गर्ने कार्यमा क्याम्पसका सबै सरोकारवाला पक्षहरू सक्रिय रूपमा अहोरात्र खटेर लागेका पाइन्छन्। जसले QAA प्राप्तिको आशालाई करिब करिब पूरा गर्न लागेको देखिन्छ। ❑❑

लेख

# असफलता नै सफलताको सिँढी हो

● ब्रह्माकुमार भरतकुमार श्रेष्ठ
सहायक प्राध्यापक, स्वास्थ्य तथा शारीरिक शिक्षा

हरेक मानिस जीवनमा सफल हुन चाहन्छन् । जीवनमा सफलता प्राप्त नगरौं भन्ने मानिसहरू सायदै हुन्छन् । तर सफलता प्राप्त गर्न भनेजति सजिलो छैन । सफलताको शिखरमा पुगेका व्यक्तिलाई देख्दा हर कोहीलाई म पनि यस्तै सफल हुन पाए हुन्थ्यो भन्ने भावनाहरू उत्पन्न हुनु स्वभाविकै हो । तर संसारमा विभिन्न क्षेत्रमा रहेका सफल व्यक्तिहरूको जीवनलाई केलाएर अध्ययन गर्‍यौं भने हरेक व्यक्तिले जीवनमा कैयौं दुःखकष्ट भोगेका हुन्छन्, अनेकौं मेहनत र परिश्रम गरेका हुन्छन्, प्रशस्तै आरोहअवरोह पार गरेका हुन्छन्, अनि मात्र सफल भएका हुन्छन् । संसारका कुनै पनि सफल व्यक्तिको जीवनमा उनीहरू हिँड्ने बाटाहरूमा गलैंचा बिछ्याइएको हुँदैन, त्यो सम्भव पनि छैन । मेरो गोडामा काँडाले घोच्छ भनेर हिँड्ने बाटाहरूमा महँगो गलैंचा बिछ्याउनु भन्दा एकजोर चप्पल लगाउन नै उचित हुन्छ ।

मानिस सफल हुनका लागि सबैभन्दा पहिला त आफ्नो सोचलाई नै सकारात्मक बनाउनुपर्छ किनकि हामी जस्तो सोच्छौं जीवन त्यस्तै बन्दै जान्छ । हजारौं माइलको यात्रा पनि एक कदमबाट नै शुरू हुने गर्दछ । पहाडबाट झरेका नदीहरूले समुद्रलाई कहिले पनि देखेका हुँदैनन्, उसले समुन्द्र कति टाढा पर्छ भनी सोध्दै हिँडेका पनि हुँदैनन्, हरेक ठाउँमा आफैं बाटा बनाउँदै हिँडेका हुन्छन् र अन्तमा सागरमा गएर मिसिन्छन् । त्यसैगरी मानिसले पनि आफ्नो जीवनमा निश्चित लक्ष्य बनाएर निरन्तर यात्रा गरिरहने हो भने सफलता असम्भव छैन, ऊ एक दिन गन्तव्यमा अवश्य पुग्दछ । नेपोलियनको शब्दमा भन्नुपर्दा असफलता भन्ने शब्द त मूर्खहरूको शब्द कोषमा मात्र हुन्छ, मेरो शब्दकोषमा छैन भनेजस्तै असफता भित्र नै सफलता समाहित भएको हुन्छ । असफलता भन्ने शब्दको 'अ' अक्षर निकाल्ने हो भने बाँकी 'सफलता' मात्र रहन्छ । अङ्ग्रेजीमा पनि IMPOSSIBLE भन्ने शब्दलाई अब सच्याएर हेर्ने गरौं I AM POSSIBLE (आइ.एम्.पोसिबल) । हरेक कुरा सम्भव छ । हामीले सकारात्मक सोचका साथ हरेक कुरा सम्भव छ भन्ने संकल्प गर्‍यौं भने त्यो कार्य अवश्य पूरा हुने छ ।



भनिन्छ, असफलता नै सफलताको सिँढी हो । कुनै कार्य गर्दा एकदुई पटक असफल भइयो भनेर हरेश खानेहरूले जीवनमा कहिल्यै पनि सफलता प्राप्त गर्न सक्तैनन् । जीवनमा हरेक कुरा खानु तर हरेश कहिल्यै नखानु । कुनै कार्यमा हामी निरन्तर, लगनशीलताका साथ लागिरह्यौं भने ईश्वरले पनि साथ दिन बाध्य हुनु पर्दछ । यस सन्दर्भमा कैयौं महान् व्यक्तिहरूको जीवनमा उनीहरूले प्राप्त गरेका सफलताको गुह्य राजबाट स्पस्ट गर्न सकिन्छ । जसमध्ये एक जना व्यक्तिको जीवनलाई हेरौं । आज हामीहरू जुन बिजुलीको बल्ब बालिरहेका छौं, त्यसको आविष्कार गर्ने व्यक्तिको नाम जो कोहीलाई पनि थाहा छ, उनी थिए थोमस एल्वा एडिसन् । आफ्नो नाम आफैं बिर्सने वैज्ञानिकको नाम के हो भन्यो भने जवाफ आउने गर्छ, थोमस एल्वा एडिसन् । विश्वमा हजारभन्दा बढी आविष्कार गर्ने व्यक्तिको नाम के हो भन्यो भने जवाफ आउछ, थोमस एल्वा एडिसन् । उनले सो बल्बको आविष्कार एकदुई पटकको

प्रयासबाट सम्भव गरेका होइनन्, ९९९ पटक सम्मको प्रयासमा पनि उनले बल्ब बाल्न सकेनन् ।१००० (एक हजार) पटकको प्रयासमा मात्र बल्ब बल्यो । उनले कहिले पनि म ९९९ पटक असफल भएँ भनेर भनेनन् बरू पत्रकारहरूले सोधेको जवाफमा उनी भन्छन्, मैले ९९९ वटा तरिकाहरूका बारेमा आविष्कार गरेँ, जसबाट बत्ती नबल्दो रहेछ, जुन १००० पटकको यस किसिमको तरिकाको आविष्कार गरें, त्यसबाट मात्र बल्ब बल्न सम्भव हुँदो रहेछ ।

अब विचार गरौं एडिसनको सोच्ने र कार्य गर्ने तरिकाका बारेमा । कति धैर्यताका पराकाष्ठा थिए एडिसन् । अब परिकल्पना गरौं उनको ठाउँमा अन्य कोही व्यक्ति भएको भए त्यति बेलासम्म धैर्य गर्न सक्थे होलान् र ? ९९९ पटक फेलर भएको कुरालाई उनले जस्तो आविष्कारमा परिणत गर्न सक्थे होलान् ? जे होस् एडिसन्को जीवनबाट हामीले सिक्नु पर्ने कुरा भनेको के हो भने हामी निरन्तर रूपमा आफ्नो लक्ष्यमा कटिबद्ध भएर लागिरहनु पर्दछ । तर आजकाल मानिसहरू आफूले गर्न लागेको कार्यमा एकदुई पटक असफल भएपछि निरूत्साहित हुने, डिप्रेसनमा जाने तथा आफूले सोचेजस्तो भएन भने आफ्नो जीवनलाई नै समाप्त गर्ने क्रियाकलापहरू हामी देख्छौं । सानोतिनो कुरामा असफल भइयो भनेर रोएर चिन्तित भएर बस्ने गरेका पनि हामी पाउछौं, तर भनिन्छ कुनै अवसर गुमायौं वा असफल भयौं भने आखाँभरि आँसु लिएर नबस्नु किनकि भगवान्ले त्यो भन्दा राम्रा अवसर तिमीलाई दिनको लागि त्यसमा असफल भएको मात्रै हो, बरू भगवान्ले दिने राम्रा अवसर आँसुका कारण नदेखिन पनि सक्छन् । त्यसैले जीवनमा जे हुन्छ, राम्रैका लागि नै हुन्छ भनेर सकारात्मक कुराहरू सोचेर धैर्यतालाई सदा आफ्नो साथी बनाउनु छोड्नु हुँदैन । त्यति मात्र होइन, जब एडिसन्ले बल्बको आविष्कार गरेपछि पहिलोपटक केही साइन्सका विद्यार्थीहरू समक्ष सो बल्ब डेमोष्ट्रेसन गर्न लाग्दा त्यहीं भएका विद्यार्थीहरूमध्ये एक जनालाई अगाडि बोलाएर सो बल्ब समाउन लगाउदा अचानक उसको हातबाट त्यो बल्ब भुइँमा खस्छ र फुट्छ । अनि त्यहाँ सहभागी भएका अन्य विद्यार्थीहरू उत्तेजित हुँदै आवेशमा आएर कराउन थाल्दछन् कि त्यो विद्यार्थीलाई कारबाही गर्नुपर्छ, ठीक पार्नुपर्छ, जसको कारण हामीले बल्ब बलेको देख्न पाएनौं । तब एडिसन् शान्त हुँदै ती विद्यार्थीहरूका भिडलाई सम्झाउदछन् । तपाईंहरू नआत्तिनुस्, संयम गर्नुस्, उत्तेजित नहुनुस्, शान्त रहनुस् । यो बल्ब फुटेर केही पनि फरक पर्दैन । यो बल्ब त म पुनः बनाइहाल्छु । तपाईंहरूले जस्तै आवेशमा आएर मैले तपाईंका साथी (जसको कारण बल्ब फुटेको थियो) लाई गाली गरेर उसको दिलमा चोट पुऱ्याएँ भने अर्थात् उसको दिल टुट्यो भने म त्यो दिल पुनः जोड्न सक्दिन, त्यो बल्ब त बनाइहाल्छु । तब सबै विद्यार्थीहरू शान्त भए । यसबाट हामीले के पाठ सिक्न सक्छौं भने कुनै पनि नहुनु पर्ने घटना भइहाल्यो भने त्यसमा आवेशमा आएर, उत्तेजित भएर अर्को पनि घटना घटाउनु हुँदैन । जीवनमा सधैं संयम नियम अपनाउनु पर्दछ, भनिन्छ संयम नियम अपनाऔं, जीवन सुखमय बनाऔं ,जुन संयम नियम अपनाउन हामीलाई आध्यात्मिकताले सिकाउँदछ ।

जबसम्म आफूले गर्न लागेको कामको बारेमा आफू निश्चिन्त भइँदैन, तब हरेक व्यक्तिले हामीलाई भड्काउने वा कमजोरी विचारहरूबाट निरूत्साहित गर्ने भीडको संख्या पनि आजको समाजमा कम छैन । त्यसैले हामीले हरेकको विचार सुन्नु पर्छ निर्णय भने आफैंले गर्नुपर्छ । हरेक व्यक्तिले दिएको राय सुझावहरूलाई अक्षरशः पालना गर्दै जाने हो भने हामी गन्तव्यमा पुग्न सक्दैनौं । यही सन्दर्भमा मलाई एउटा रमाइलो प्रसङ्ग जोड्न मन लाग्यो ।

एकपटक पाँचवटा भ्यागुताहरू विश्वको सर्वोच्च शिखर सगरमाथामा आफ्नो पाइला राख्न भनेर निस्किएछन् । उनीहरूले त्यसबेला सोही क्रममा धेरै व्यक्तिहरूको आलोचना सुन्नु पऱ्यो । जाबो

भ्यागुताले पनि सगरमाथा चढ्न सक्छ ? कुवाको भ्यागुता कुवामा नै..... आदिआदि । ५ ओटामध्ये ४ ओटा भ्यागुताचाहिँ बीचै बाटोबाटै फर्किएछन् बाँकी एउटा चाहिँ सगरमाथाको टुप्पोमा पुग्न सफल भएछ । बडो आश्चर्य भयो । भ्यागुताले पनि विश्वको सर्वोच्च शिखर सगरमाथामा पाइला टेक्न सफल भयो । चारैतिर पत्रपत्रिकामा समाचार आयो, अनि एउटा अनुसन्धानको टिमले भ्यागुताहरू माथि अनुसन्धान गर्दा ४ ओटा भ्यागुता चाहिँ अन्य व्यक्तिहरूले निरूत्साहित गरेको कुराबाट प्रभावित भएर बीच बाटोबाटै फर्केका रहेछन् । बाँकी पाँचौं नम्बरको भ्यागुता चाहिँ कान नसुन्ने रहेछ, उसलाई अन्य व्यक्तिहरूले गरेको आलोचना र निरूत्साहित गर्ने शब्दको कुनै प्रभाव नै परेन छ । यो त एउटा आलङ्कारिक कुरा मात्र हो । बास्तवमा हाम्रो सफलता वा असफलता को निर्धारण गर्ने भनेको सोच र बाहिरी वातावरणको प्रभावले गर्ने गर्दछ । जब स्वस्थिति मजबुत हुन्छ भने बाहिरी परिस्थितिको कुनै प्रभाव रहँदैन, त्यसैले आफूमा आफ्नो मनोवल, आत्मवल सधैं मजबुत बनाइरहनु पर्दछ ।

अनुभवले भन्दछ - जब हामी आध्यात्मिक चिन्तन मनन गर्छौं, ध्यान गर्छौं भने हाम्रो आन्तरिक शक्ति मजबुत हुने हुँदा हरेक परिस्थितिमा संयमित हुन, धैर्य गर्ने तथा सकारात्मक भावना विकास हुने गर्दछ । अतः धैर्यता बराबरको शक्ति संसारमा अरू कुनै छैन । आफ्नो अन्तर्मनको कुरा सुनेर कुनै पनि क्षेत्रमा लागि रहने हो भने मानिसले जस्तोसुकै कठिनतम् काम पनि सहजै पूरा गर्न सक्छन् ।

❑❑

# मलाई मन लाग्यो

● सुष्मा कार्की
बीबीएस्, प्रथम वर्ष

देशको लागि फूल बनी फुल्न मन लाग्यो
नेपालभरि बासना छरी डुल्न मन लाग्यो ।
किसानका खेतमाति धान झुलेजस्तै
फलेको वृक्षको हाँगो जस्तै फुल्न मन लाग्यो ।
मेचीदेखि महाकाली सबै नेपालीका
मनभित्रका आशा बनी झुल्न मन लाग्यो ।
नेपालीको वीर गाथा गाउन मन लाग्यो
देशको सामु बत्ती बनी बल्न मन लाग्यो ।
झरी पछि खुला हुने सफा आकाशजस्तै
चेतनाको दीप भई खुल्न मन लाग्यो ॥

❑❑

# गीत

● अप्सरा अधिकारी
बीबीएस्, प्रथम वर्ष

चेलीबेटी बेचविखन पर हटाऔं
मेचीदेखि महाकाली सिमा संसारभरि
चेलीबेटी आमा समान मानौं सधैंभरि
नेपाल आमा रोइरन्छिन् धरर
चेलीबेटी बम्बईमा सरर ॥

समान रूपमा हेर्नु पर्ने कानुन हाम्रो थियो
संविधान सभामा उल्लेख आज भयो
मुटु दुख्यो पसिना तरर
चेली हाम्री बम्बईमा सरर ॥

चेली हाम्री कुमारी नेपालकी छोरी
माया गरौं दया गरौं सबले काम छोडी
दुःख रूपि आँसुका धाराले
माया गरौं नेपाली साराले ॥
नेपालका चेलीहरू धेरै सिधा हुने
दलालले भुल्याएर विदेशतिर लाने ।
मुटु दुःख्यो पसिना तरर
हाम्री चेली विदेशमा सरर ॥

❑❑

समालोचना

# "छुटेको जुत्ता" भित्रका पाइनदार कविताहरू

● पेशल आचार्य
सहायक प्राध्यापक, नेपाली



## १. पृष्ठभूमि

संसारका सबै मानिसमा भावना हुन्छ। भावनाका हिसाबले कबोल्ने हो भने सांसारिक मानिसहरू सबै कवि हुन् तर फरक छ आफ्ना भावनालाई कलात्मक रूप दिने कामचाहिँ कविले मात्रै गर्छन्। शब्दलाई कुँदेर, खिपेर, काटेर, मोरेर, साँघुऱ्याएर अनि खुकुल्याएर एउटा असल कविले कविताको विम्ब रचना गर्छ। सोही विम्बबाट उसले प्रकारान्तरमा कविता सिर्जना गर्छ। कविता लेखनलाई आमाले सन्तान जन्माएको प्रसङ्गसँग सहजै तुलना गर्न सकिन्छ। अन्य मानिसहरू केवल गुन्गुनाउँछन् तर कविलाई शब्द कोरल्दा प्रशव पीडाको दारुण अनुभूति हुन्छ। शब्दका शिखाहरूलाई कसिलो बन्धनमा बाँधेर लोकहितार्थ कविले अनेकन प्रयासका बाबजुद् एउटा निख्खर र चखिलो कविता सिर्जना गर्छ। सरल भाषामा बेजोड कविता निखन्न जोकोही कविलाई हम्मेहम्मे परिरहेको हुन्छ। तर एउटा जन्मजात कविलाई आफ्ना पारिवेशिक क्षणपलका घटनाले अनेक सन्दर्भमा कविताको जन्म गराउँदछ।

फलतः संसारमा कविताको यतिविधि व्यतिरेकी विश्लेषण गरिएको छ। सभ्यतालाई नमन गर्ने पहिलो कार्य नै कविता हो। संस्कृतिको संवाहक पनि कविता हो र हो कविता जनजीवनको असमेल धुकधुकी र मुर्च्छना। कविता लेखन जब कुनै कविलाई लत बनेर दिमागमा बस्दैन तबसम्म उसले कुनै कालजयी कविताको अविर्भाव गर्नै सक्दैन। माहिर र सार्वकालिक कविताका सर्जकहरू यो भनाइमा पूर्णरूपेण सहमत छन्।

यहाँनेर कविताको अन्य वाङ्मयिक विधोपविधामा अभिभावकत्वको भूमिका रहेको देखिन्छ। डोहोऱ्याएको छ -कविताले अन्य असमेल भावका विषयातिरेकहरूलाई। विश्व कविता र केही कालजयी नेपाली कविताहरूको पठन र मननबाट यो अभिमतमा स्वीकारोक्ति गर्न सकिने स्थिति बनेको छ। व्यशन नै कविता कर्म बनेपछि कविता लेख्नु सरल छ। सहज छ। जिम्मेवारी बोधका पहाडले थिचेजस्तो हुन्छ। लेखे पछि केही हलुङ्गो हुने गर्छ। कवितामा रमाएका केही प्रतिनिधि कविहरूको सामूहिक स्वीकारोक्ति हो -यो। सामुद्रिक यात्रा तय गरेझैं हो -कविता लेखनवृत्ति। नसकिने। नरोकिने। जसको कुनै न आदि छ न अन्त्य नै। सामवेश्य भाव निखन्नका लागि अहोरात्र एउटा कवि चिर नूतन सत्यका पछि लागिरहन्छ -जीवनभर।

त्यसैले त भनिन्छ -वर्तमान समय कवि र कविता लेखनका लागि जोखिमयुक्त छ। गजबारहरू तेर्सिएका छन् -जीवन भोगाइमा। रोकटोकहरू अविछिन्न झुल्किरहन्छन् -व्यवहारमा। तैपनि अनेक विषयतिरेक भाव र भङ्गिमामा कविहरू जोखिम मोलेरै विविध हाँच र प्रकारका कविता रचना गरिहेछन्। श्रुतिस्मृति परम्पराको अट्टालिकालाई केलाएर हेर्दा पौरस्त्य सभ्यतामा आदिकवि ब्रह्मा र आदिकविता भनेर वेदलाई मानिन्छ। त्यहाँदेखि यहाँसम्मका डिमार्केसनहरू कोर्ने हो भने अनेक नाम र उपनाममा लाखौं कविताहरू लेखिएका छन्। संसारको त्यस्तो कुनै भाषा छैन जसमा कविता कर्म नगरिएको होस्। इतिहासले कालजयी र सार्वकालिक कविताहरूलाई नै युगका पानाहरूमा सुरक्षित तवरले राख्न सकेको

छ । सबैका कविताहरू राम्रैराम्रा र सबैका कविताहरू नराम्रै नराम्रा पनि छैनन् । औशतमा एउटा कविले जीवनभर कविता लेखिरह्यो भने केही थान कालजयी कविता लेख्न सक्छ । जीब्रामा चुस्स अडिने खालका कविताहरूका कवि सधैं जनमानसमा प्रिय रहिरहन्छन् ।

हिजोको समय सुन्ने कविताको थियो । घुमीफिरी आज फेरि सुन्ने कविताको पुनरावृत्ति भैसकेको छ । कविताको इतिहासले यो कुरा कबोलेको छ । देखाएको छ । 'शब्दपीडा र शब्दक्रीडा नै कविता हो' चार दसकदेखि पूर्णकालीन रूपमा कवितामा लागेर शब्द क्रीडामा निमग्न वरिष्ठ कवि महेश प्रसाईं भन्छन् । नेपाली गद्य कविताका शिखरपुरुष कवि भूपि शेरचनले उनको बहुचर्चित कवितासङ्ग्रह 'घुम्ने मेचमाथि अन्धो मान्छे' मा रचित एउटा लघु कवितामा भनेका रहेछन् -

जून, तिमी रून्छौ<br>
तिम्रो आँसु गीत बन्छ ।<br>
तर म रून्छु<br>
मेरो आँसु गीत बन्छ ।'

कविता सनातन संस्कृति अनि समाजको प्रतिछायाँ हो । काल चेतनाको संवाहक हो । कविताले समयलाई लेख्न सक्यो भने कवितासँगै एउटा कवि अजरामर बन्छ । ब्राण्ड बन्छ कवि पनि जसरी लेखनाथ, देवकोटा र सम नेपाली कवितामा ब्राण्डनेम बनिसकेका छन् । विश्व कवितायात्राका वेद, पुराण, उपनिषद्, श्रीमद्भागवत् गीता, रामायण र महाभारत अजेय र उपजीव्य कविताका सोदाहरण हुन् ।

## २. विषयप्रवेश

चालीसको दसकदेखि विद्यालयीय शिक्षा लिँदै गर्दा कविता कर्ममा लहसिएका कवि भोजराज न्यौपाने पचास र साठीको दसकमा उम्दा गद्य कविता लेख्ने युवाकवि हुन् । त्यसो त उनका रचनाहरू विभिन्न पत्रिकाहरूमा बेलाबेलामा पढ्न पाइन्छन् । २०७१ साल भदौमा पहिलो संस्करणका रूपमा आएको 'छुटेको जुत्ता' एकसय पृष्ठमा छापिएको सानो कलेबरमा रमाएको कवितासङ्ग्रह हो । जसमा लामाछोटा गरी ३७ वटा कविताहरू समेटिएका छन् ।

जन्मदातृ आमालाई 'समर्पण' गरिएको सद्यपठित कवितासङ्ग्रहमा नेपाली कविताका ब्रेख्त मानिएका कवि श्यामलको बेजोड भूमिका रहेको छ । कवि श्यामल ओजपूर्ण भावमा कवि न्यौपानेका बारेमा भन्छन् -'भोजराज नेपाली कवितामा साधनारत मझ्यौलो पिँढीका प्रतिनिधि त हुन् नै, लोकतन्त्रका परिचित पहरेदार पनि हुन् ।' श्यामल अघि लेख्छन् -' आधुनिक नेपाली आख्यानको पहिलो पुस्ताका प्रतिभा र नेपाली प्रजातान्त्रिक आन्दोलनका सदावहार नायक मानिएका विश्वेश्वरप्रसाद कोइरालाप्रति उनमा अगाध श्रद्धा छ । र, उनी त्यस नामलाई भजिखाने चेक बनाउने होइन, निष्ठा भावले लिन्छन् ।'

कवि भोजराज ससाना विषयवस्तुमा पनि कविता लेपन गर्न सिपालु कवि हुन् । कविको यसै सीपबाट अभिप्रेरित भएर भूमिकाकारका रूपमा दरिएका कवि श्यामल अझै अघि भन्छन् -'विवेकको रचनात्मक प्रयोगले एकजना मानिसलाई अरू करोडौं मानिससँग जोड्छ । अनि, अविवेकी उन्मादले त्यस रसायनलाई भत्काउँछ ।' यसो भन्नुको तात्पर्य के हो त्यो कवि भोजराजका कविताहरूको गम्भीर पठनबाट मात्रै पत्तो पाइन्छ । एकै बसाइमा उनका कविताहरू खार्न र निखार्न सकिँदो रहेनछ । मझ्यौलो आकारको कृति भएकाले त्यसो गर्न सकिन्छ कि भनेर प्रयास गर्दा हात लाग्यो सून्य हुन्छ । दोस्रो र तेस्रो पटकको पठनमा कविताहरू अन्डरलाइन गर्न मन लाग्ने खालका छन् । ती धेरै स्थानमा लाइनर कविता लेख्न सफल पनि छन् ।

कविताबाटै एउटा कवि अर्को कविको कविताबाट औधी प्रभावित हुन्छ । कहिलेकाहीँ गोष्ठीमा वाचित कविताहरू भन्दा कुनै प्रिय र उम्दो कविको कविता काव्य पढ्दा पउल मज्जा लाग्छ । कवि श्यामल अझै यसो भन्न रूचाउँछन् -'कविताको भाषा खँदिलो हुन्छ, खुकुलो हुँदैन । कवितामा भाव सघनता हुन्छ, जटिल गुम्फन हुँदैन । थोरै शब्दमा धेरै भन्न सक्नु कविताको अहम् कलाकारिता हो ।'

यही कुरालाई कवि भोजराजकी दिदीले स्कुले जीवनमै भनेकी रहिछन्। सो कुरालाई उनले 'आफ्नै लय' शीर्षकमा लेखकीय अभिमतमा राखेका छन्। उनकी दिदीले भनेकी छिन् -'यसको कविता धोइयो। अब सधैं राम्रो लेख्छ।' गर्ने भन्दा गराउने ठूलो हो। भानुभक्तलाई घाँसीले नहौस्याएका भए उनी नेपाली कविताका भानु हुने थिएनन्। यहाँनेर भोजराजकी दिदी जसले कविता कर्मलाई चिनेरै आफ्नो भावुक भाइलाई हौस्याउने काम गरिन्। 'लाखौं माइलको यात्रा एक पाइलाबाट शुरू हुन्छ' भनेझैँ उनी अविराम कवितामै लागेका रहेछन्। कवितात्मक रूपले शब्दखेतीमा समर्पित भावले।

श्यामलले भनेको एक वाक्यको लिडले मलाई कवितासङ्ग्रहभित्र विचरण गर्न गाइड गरिरह्यो -'कवितामा सरलता, सरलतामा सुन्दरता कवि न्यौपानेको मान्यता हो।' प्रत्येक कविताहरू केही न कही नयाँ विम्ब र प्रतीकमा रमाएका छन्।

## ३. कवितागत् संलिष्ठ विषयवस्तुहरू

पहिलो पटकको सतही पठनले मात्र एउटा कविको सार्विक अध्ययन गर्नु र कविताहरूमा रेखी हाल्नु दुरूह कार्य हो। उनका संकलित ३७ वटै कविताहरूलाई लिएर गम्भीर अध्ययन गर्दा अध्ययन सरलताका लागि कवितालाई यहाँ पाँच विषयवस्तुगत प्लटमा राखेर अध्ययन गर्न सकिन्छ। जसले उनको लेखनीगत धर्म र कविताका पोष्टमार्टम नै सरल बन्न पुग्छन्।

**क) २०६२/२०६३ को क्रान्तिकालीन कविताहरू**

यस शीर्षकअन्तर्गत 'आमाको विपना', ' फूलहरू', 'लाटी विश्वकर्मा', 'बाबु', 'केही साना सपनाहरू' (५पृष्ठमा रचित कविता) र 'युद्धको छायाँ' जस्ता कविताहरू पर्दछन्। यी सबैजसो कविताहरूले क्रान्तिलाई वैविध्य प्रकारले नियाल्ने काम गरेका छन्। कविले एउटा इतिहासकारले भन्दा बेगल कोणबाट क्रान्तिलाई हेरेर मूल्याङ्कन गरेको हुन्छ। उसको हेराइमा सतहमा जीवन जिउने मानिसको कोण नै आधिक्य रहने गर्छ। भोजराजका कवितामा पनि सो धर्म निर्वाह गरिएको छ।

**ख) घटनाप्रधान कविताहरू :**

यसअन्तर्गत माथि उल्लेखित 'लाटी विश्वकर्मा' (पृष्ठ२०-२१), 'युद्धको छायाँ' (स्थानीय र राष्ट्रिय घटना -पृष्ठ २९-३०), 'कपिलवस्तुकी अमृता' (कपिलवस्तुको नरसंहार सम्बन्धी समाचार पढेपछि लेखिएको कविता-पृष्ठ ३५) आदि कविताहरू पर्दछन्। यी कविताले देशीय राजनीतिक इतिहासलाई लेखोटका रूपमा समेट्ने काम गरेका छन्।

**ग) व्यक्तित्वको सम्झनामा रचित कविताहरू**

'एउटा यस्तो धरहरा' (वीपी कोइराइलाको सम्झनामा रचित कविता, पृष्ठ ४९-५०) सङ्ग्रहभित्रको एउटा मात्र त्यस्तो कविता हो जसले नेपाली प्रजातान्त्रिक आन्दोलनका धरोहर विश्वेश्वरप्रसाद कोइरालाका बारेमा आफ्नो आस्था र श्रद्धा व्यक्त गर्ने जमर्को गरिएको छ। सुबोध्य भाव र प्रतीकका माध्यमले कविता बोधगम्य र भावपरक जँच्दछ।

**घ) उच्च संवेदनायुक्त कविता**

'नाक' कविता यो संग्रहकै बेजोड कविता हो। जसमा देश विभाजन गर्नेहरूका विरुद्ध शाब्दिक रूपले धावा बोलिएको छ। देश भनेको भावना हो न कि शारीरिक अवयव भन्ने भावले ओतप्रोत यो कविताले नेपालको भावी कलह र अशान्तिको समेत पूर्वानुमान गरेको छ। हिजो र आजका शासकमा आकास जमिनको पृथक् हुँदै गएको स्थितिलाई कविताले पर्गेलेको छ। शासक हिजो शासक भूमिकामा थिए। जसमा कोही उच्च महिमायुक्त शासकका रूपमा समेत विराजमान थिए भने धेरैजसो शोषकका पर्यायका रूपमा थिए। ती जो हिजो शोषकका आवरणमा थिए तिनैका नयाँ कलेवरका रूपमा आजका जातीय विद्वेष फैल्याउने शासकहरू हुन् भन्ने कविको भाव रहेको छ।

**ङ) प्रकल्पनामा आधारित कविताहरू**

यी प्लटमा सङ्ग्रहका धेरै कविताहरूलाई रेखाङ्कन गर्न सकिन्छ। आशीर्वाद (पृष्ठ ६-७)

कवितामा कवि न्यौपाने भन्छन् -

'बाबु, मान्छेको अनुहार लिएर जन्मँदैमा
कोही मान्छे हुँदैन
यो जन्ममा यस्तै भैहाल्यो
अर्को जन्ममा मेरा सन्तान  मान्छे नहोऊन
मान्छेले पुर्खाको अंश खोज्छ
र, पुर्खालाई नै घृणा गर्छ ।' (रचना २०६० साल)

कवि श्यामलले यही कवितांशलाई मध्यनजर गरेर भनेको हुनुपर्छ -'कवितामा सरलता, सरलतामा सुन्दरता कवि न्यौपानेको मान्यता हो ।'त्यसैगरी मानिसको स्वतन्त्रताप्रेमी जन्मजात स्वभावको व्यवहारमा प्रतिगामी चालको अवस्थालाई मूल्याङ्कन गर्दै कवि अर्को कवितामा सशक्त पाराले भन्छन् -

'मान्छे नदी जस्तै
स्वतन्त्रताबाट विमुख हुन खोज्छ
र तालजस्तै खुम्चिन खोज्छ ।' (नदी, ताल र मान्छे, रचनाकाल -२०६०)

नदी बन्नु गतिमान बन्नु हो । मानिसको जीवन तालझैँ खुम्चन खोज्यो भने उसले आफ्नो जिन्दगानीमा सोचेको, देखेको र कल्पेको प्रगति हासिल गर्न सक्दैन । सायद् कविले पनि जीवनमा धेरै दु:खका सुनामीहरू सहेका छन् । अभावका प्रताडनाहरू व्यहोरेका छन् अनि छन् उनका धुमिल कल्पनामा अनेकानेक पारिवारिक विछोडका संकथनहरू । मानिस जीवन लेख्छ । कवि पनि समाजको सदस्य भएकाले आफ्नो जीवनलाई नै कलात्मक चेतसाथ लेख्न खोज्छ । यहाँनेर उभिएर भन्दा उनी आफ्ना जीवनका फाँकीहरू लेख्न खोज्दै छन् । जसका बारेमा उनलाई नै भलिभाँती थाहा हुनु पर्छ ।

'छुटेको जुत्ता' यस सङ्ग्रहको शीर्षक कविता हो । युद्धमा खुट्टा गुमाउनेहरूको पीडा समाहित भएको यो कवितामा नेपालमा पचासको दसकमा आरम्भ भएर साठीको दसकमा सम्झौतामा समापन भएको जनयुद्धको चेपुवामा परेकाहरूको दुर्दान्त कथालाई सूक्ष्म शैलीमा अभिव्यक्त गरिएको छ। कवि भन्छन् -खुट्टै नरहेपछि जुत्ता किन चाहियो । श्यामव्यङ्ग्य मिश्रित यी र यस्ता भावोद्गारहरूले नै कवितालाई गूढ गम्भीर बनाएको छ ।

उनी 'छुटेको जुत्ता' कवितामा भन्छन्-

'कहाँ छुट्यो गोल्डस्टार जुत्ता ?
सुदूर पहाडको एउटा कुनामा
कहिल्यै नफाटोस् भनेर
तुना कसेको थिएँ
खै, कहाँ छुट्यो ? (पृष्ठ ६८)

गोल्डस्टार जुत्ता युद्धको एउटा प्रतिनिधि प्रतीक हो । यो माओवादी जनयुद्धको कालखण्डभरि यसका सेना र कमाण्डरले लगाएको त्यस्तो सुरक्षा कवच हो जो युद्ध रोकिएर शान्तिवार्तासँगै ओझेलमा परेको छ। प्रहरी र सेनाहरू तिनताक गोल्डस्टार जुत्ता बेच्ने र लगाउने दुवैथरीलाई कर्के नजरले हेर्थे। सरकारी कोपभाजनका सिकार हुने डरले जनसामान्यहरू पनि गोल्डस्टार जुत्ता लगाउन थुर्थुर् काँप्थे । जमानाले पल्टा खायो । अब न गोल्डस्टार जुत्ता लगाउनेहरू रहे। न गोल्डस्टार नै चर्चित भैरह्यो। समयक्रममा यसले नेपाली सामाजिक क्रान्तिको प्रतीक अर्थमा भविष्यमा क्रान्तिका पक्षविपक्षमा अध्ययन गर्न चाहनेहरूलाई सम्झाइरहने छ -आफ्नो कथाव्यथा । समयको उपज क्रान्ति हो । समाजलाई अग्रगामी दिशामा लैजानका लागि हरेक देशका समाजमा क्रान्तिको उपादेयता हुन्छ। बाबु पुस्ताले गरेको अहर्निष दु:ख र सन्तापलाई समयचेत भोगेका कविर्मनिषीहरूले यसरी नै निर्धक्क लेखिदिए भने साहित्यका माध्यमबाट संस्कृतिको हस्तान्तरण हुन्छ। यहाँनेर कवि भोजराजको यो कविता कालजयी हुने परिचय बोक्छ ।

उनी सोही कवितामा अझै अघि लेख्छन् -

'भिडन्तमा बमले उछिट्टिएको
मेरो खुट्टालाई
किन चाहियो जुत्ता ?
चाहिँदैन
कमरेड !
मिल्छ भने लेखिदिनुस्
मेरो खुट्टा गुमेको थियो कसरी। (पृष्ठ ६९-छुटेको जुत्ता)

## ४. कविताको विहङ्गावलोकन

कविता सङ्ग्रहमा संकलित कविताहरूमा 'नाक' (पृष्ठ ५८-५९-६०) शीर्षकको कविता बेजोड प्लटमा लेखिएको कविता हो ।

उनी 'नाक' कवितामा लेख्छन् -

'एकादेशमा
नाकहरूले एउटा भेला गरे
र आपसमा निर्णय गरे
हाम्रो नाकको बनावट जस्तै
हामीलाई छुट्टाछुट्टै राज्य चाहियो । (पृष्ठ-५८)

कविताको अन्त्यमा लेख्छन् -

'यो देशमा
नाकको राजनीति गर्नेहरू बाँकी छन्
तर त्यो देशका नागरिक बाँकी छैनन् ।' (पृष्ठ -६०)

देश विभाजन गर्नेहरूलाई के थाहा देश एकीकरण गर्नुका सन्तापहरू ? यहाँनेर राष्ट्रकवि माधवप्रसाद घिमिरेको चर्चित खण्डकाव्य राष्ट्रनिर्माताका केही हरफहरू समेत आकर्षित हुन पुगेका छन् । कवि घिमिरे राष्ट्रनिर्मातामा भन्छन् -' पारिन्छ सत्ता जब खण्डखण्ड, रहन्छ राष्ट्र त्यहाँ के अखण्ड ? थुत्तिन्छ पत्ता जब खातखात, सिद्धिन्छ शोभा अनि फूलबाट ।' (राष्ट्रनिर्माता, खण्डकाव्य)

समग्रमा, भन्नु पर्दा थोरै कविता लेखेर धेरै चर्चा र चासोमा रहने कवि पंक्तिमा सहजै दरिएका कवि भोजराज न्यौपानेकृत 'छुटेको जुत्ता' कवितासङ्ग्रहमा संकलित कविताहरूमा आमाको विपना, लाटी विश्वकर्मा, बाबु, केही साना सपनाहरू, युद्धको छायाँ, कमलरीको माघी, सती, कपिलवस्तुकी अमृता, जङ्गे पिलरमा नागरिकता, नाक र आशीर्वादजस्ता कविताहरू यिनले भविष्यमा लेखिरहे भने आफ्नो नाम नेपाली कविताको इतिहासमा दह्रोसँग राख्न सक्ने छन् भन्ने विश्वास गर्न सकिन्छ । विभिन्न समयका साहित्यिक पत्रपत्रिकाहरूमा कविता लिएर आफ्नो सघन उपस्थिति जनाइरहेका न्यौपानेका कविताहरू समय साप्ताहिक, मधुपर्क मासिक, कविता चौमासिक, नेपाल साप्ताहिक, नागरिक दैनिक, हिमाल साप्ताहिक, र शब्दसंयोजन मासिकमा पढ्न पाइएको छ । छोटा कविताहरूका माध्यमबाट आफ्नो दह्रो र प्रतिनिधि उपस्थिति राख्न सफल कवि भोजराज न्यौपाने नेपाली कविहरूका माझमा उम्दा र आस जगाउने कवि हुन् । अहिलेलाई यत्ति बाँकी भविष्य उनले लेख्ने कविता र यात्रा गर्ने जीवनले तय गर्ने सन्दर्भहरू हुन् ।

## सन्दर्भ सूची


१) न्यौपाने, भोजराज : छुटेको जुत्ता : शब्दहार क्रियशन्स, बालकोट, भक्तपुर, २०७१ साल

२) घिमिरेः माधवप्रसाद : राष्ट्र निर्माता : साझा प्रकाशन, पुल्चोक, ललितपुर, २०६९ साल

३) अधिकारी, हेमाङ्गराज : पूर्वीय समालोचना सिद्धान्त : विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी, काठमाडौं, २०६८ साल

४) शेरचन, भूपि : घुम्ने मेचमाथि अन्धो मान्छे : साझा प्रकाशन, पुलचोक, ललितपुर, २०६९ साल

५) प्रधान, कृष्णचन्द्रसिँह प्रधान सम्पादक, साझा समालोचना, साझा प्रकाशन, पुलचोक, ललितपुर, २०६७ साल

६) मधुपर्क मासिक, कविता चौमासिक, नागरिक दैनिक र कान्तिपुर दैनिकका केही अङ्कहरू ।


❑❑

# मार्क्सवाद, सी जीनफिङ्वाद र समाजवादी शिक्षा

● वाई.पी.आचार्य

अमेरिकाको न्यूयोर्कर मेगाजिनले गरेको सर्वेक्षणले एक्काइसौं शताब्दीमा सबैभन्दा बढी पढ्नुपर्ने चिन्तक मार्क्स हुन भन्ने ठहर गरेको छ। मार्क्सवादको सान्दर्भिकता र यसलाई पढ्ने सवालमा खुङ्खार पूँजिवादीहरूले समेत भोट हालिसकेपछि लामो बहस गर्न जरूरी छैन। तर यसलाई कसरी बुझ्ने भन्ने कुरा परिवर्तित युगको यक्ष प्रश्न हो। मार्क्सवादलाई हेर्ने दृष्टि फरकफरक छन्, बुझ्ने दिमाग भिन्नभिन्न छन्, प्रयोग गर्ने हात अलगअलग छन्। मार्क्सवादलाई अध्ययन गर्ने मूलतः चारवटा स्कुल अफ थट् भेटिन्छन्।

**रूढीगत (अर्थोडक्स) मार्क्सवाद** : यस दृष्टिकोणले मार्क्सवादलाई विज्ञानका रूपमा अर्थ्याउँछ। यसले जसरी प्रकृतिलाई बुझ्न र परिवर्तन गर्न न्यूटनको जरूरी छ त्यसैगरी समाज परिवर्तन गर्न मार्क्सवादको जरूरी छ भन्छ। कुनै चिजलाई बुझ्नका लागि त्यसको जडमा पुग्नु पर्छ, प्रारम्भिक अवस्था बुझ्नु पर्छ, भन्छ। जसरी प्रकृति नियमबद्ध छ त्यसरी नै समाज पनि नियमबद्ध छ, निर्धारित छ, नियम बुझे सबै बुझिन्छ भन्छ। लेनिन स्तालिन, प्लेखानोभ जस्ता चिन्तकले मार्क्सवादलाई विज्ञानवादका रूपमा व्याख्या गरे र रुसमा यही विचारधारा चल्यो।

**संरचनागत मार्क्सवाद** : रुसमा जब स्तालिनको तानाशाह शुरू भयो, प्रतिबद्धता अनुसार काम हुन सकेन त्यहाँ मानिसले फरक ढङ्गले सोच्न थाले। फ्रान्सका चिन्तक अल्थूसरले मार्क्सवादलाई विज्ञानको चङ्गुरबाट बाहिर निकाल्नु पर्छ भने। उनले विषयगतता विनाको वस्तुगतता अपूर्ण हुन्छ भने। समाज प्रकृति भन्दा जटिल छ। समाजमा संस्कृति हुन्छ, संस्कृति बुझ्न कठिन हुन्छ। मानिस मेसिन होइन, यस भित्र जटिल प्रक्रिया हुन्छ, चेतना हुन्छ। मानिसको सिधा सम्बन्ध चेतना, प्रकृति र समाजसँग हुन्छ। समाज लामो समयमा बन्छ, त्यहाँ विचारधारा हुन्छ। यदि त्यो समाज परिवर्तन गर्ने हो भने त्यो विचारधारा बुझ्नु पर्छ, त्यसलाई परिवर्तन गर्नु पर्छ। यो विचारधाराले समाजको संरचना र संस्कृतिमा जोड दियो तर मानवीयतालाई ख्याल गरेन।



**समालोचनात्मक सिद्धान्त** : जर्मनीमा प्रतिष्ठित व्यक्तिहरू फाँसिवादी बन्न थाले। यसको पछाडिको कारण खोज्न थालियो। हेवरमास, दुर्खाइमर जस्ता जर्मन मार्क्सवादी चिन्तकले विज्ञानवाद वा संरचनावादले मात्रै चल्दैन त्यहाँ चेतना र मानवीयता बुझ्न जरूरी छ भन्ने तर्क अगाडि सारे। यस दृष्टिकोणले मानिस के हो, उसले कसरी सोच्छ, के सोच्छ, उसको चेतनालाई कसले प्रभावित गर्छ, उसको मनोविज्ञान कसरी विकसित हुन्छ, यी पक्षहरू बुझ्न जरूरी छ भन्छ।

**विश्लेषणात्मक मार्क्सवाद** : यो दृष्टिकोण भन्छ - मार्क्सवादलाई तर्कसंगत रूपमा बुझ्नु पर्छ, तर्कले पुष्टि गर्नु पर्छ। यसमा पदार्थ र चेतनाको गहिरो सम्बन्ध हुन्छ। रसेल जस्ता चिन्तकले इङ्ल्याण्डमा यो विचारको प्रसार गरे।

किन ढल्यो सोभियत संघ ? सोभियत संघ ढल्नमा मार्क्सवाद असफल भएर होइन, मार्क्सवादको बुझाई र प्रयोगमा जडताले काम गरेर हो। त्यहाँ मार्क्सवादलाई विज्ञानवादका रूपमा लिइयो, आधुनिकतावादी आँखाले मात्रै हेरियो। विज्ञानवादी दृष्टिले हेर्दा नियम, सर्वव्यापकता र वस्तुगतताले बल पायो। आधुनिकतावादी कोणबाट चिहाउँदा हामी सबै चिजको व्याख्या गर्न सक्छौं भनियो, मानिसलाई तार्किक प्राणीका रूपमा लिइयो। तर यी दुवैले चेतना र यससँग जोडिएको भावनालाई नजरअन्दाज गर्‍यो।

**किन चम्कियो चीन ?**

चीनले मार्क्सवादलाई डग्मा मानेन, विधि मान्यो, गतिशील दर्शन मान्यो। माओले सन् १९५८ मा चलाएको महान् अग्रगामी छलाङ्ग (ग्रेट लिप फरवार्ड) र सन १९६६ देखि १९७६ सम्म चलाएको सांस्कृतिक क्रान्ति असफल भएका थिए किनकि ती जनआकांक्षा विपरीत थिए। चीनीया संस्कृति विरोधी थिए। तर सन् १९७७ पछि देन सियाओ पिङ्ले राजनीतिक ढाँचा र आर्थिक ढाँचालाई शास्त्रीय मार्क्सवाद भन्दा फरक मोडमा लगे। समाजवादी बजार अर्थतन्त्रमा लगे। यो मार्क्सवादको चीनियाँकरण थियो। परिणामतः सोभियत संघ ढल्दै गर्दा चीन बलियो बन्दै थियो। अहिले सिले मार्क्सवादलाई समय र चीनको आवश्यकताको कसीमा ढाल्न खोजे। उनले भूमण्डलीकरणलाई आत्मसात गरे र त्यसको प्रतिष्पर्धामा जाने भने। वैदेशिक समन्वय र सहायतामा विषेश जोड दिए। दार्शनिक हिसाबले गतिशीलताको मर्मलाई उजागर गरे। राजनीतिक हिसाबले समाजवाद समाइरहे। आर्थिक हिसाबले बजारतिर मुन्टो फर्काए। मार्क्सवादी दर्शनलाई चीनीयाँ आँखाले हेरे।

नेपालमा के गरियो ? मार्क्सवादलाई विज्ञानवादका रूपमा बुझियो। कुनै अमुक देशलाई रोल मोडल मानियो। राजनीतिक शूत्र खोजियो, समाजशास्त्रीय विधिलाई नजरअन्दाज गरियो। जवर्जस्त वर्ग खोजियो, शत्रु खोजियो। कतै प्रजातान्त्रीकरण गरियो तर नेपालीकरण गरिएन। मार्क्सवादी आँखाले नेपललाई हेरियो तर नेपाली आँखाले मार्क्सवादलाई हेरिएन। आफ्नो धरातलमा उभिने चेष्टा गरिएन। जवर्जस्त वर्ग खोजियो। समाजका अन्य आयामलाई नजरअन्दाज गरियो। पार्टीको झण्डामुनि रहेकै आधारमा वर्गीय विश्लेषण गरियो।

नेपालमा कसरी बुझ्ने मार्क्सवाद र कसरी लागू गर्ने समाजवादी शिक्षा ? कुनै पनि समाजलाई अध्ययन गर्दा स्वयम् समाजले आफ्नो बारेमा कसरी सोच्छ त्यो पढ्न जरूरी छ। त्यसको इतिहास, भूगोल, भाषा, संस्कृति, साहित्य, फिल्म, मूर्ति, चित्र अध्ययन गर्न जरूरी छ। मार्क्सवाद बुझ्न त्यसको गहिराइमा पुग्नु पर्छ। यसलाई कुन समाजमा जोड्ने हो जोडिने समाजको प्रकृति बुझ्नु पर्छ। मार्क्सवाद डग्मा होइन, साधन हो। विज्ञानमा त परिवर्तन आयो। न्यूटनदेखि आइन्सटाईन, हकिन्स, हिग वोसन आदिले भौतिक विज्ञानमा एक अर्कालाई चुनौति दिंदै नयाँ सिद्धान्तहरू प्रतिपादन गरेका छन्। त्यसैले मार्क्सवादले पूरै व्यवस्था दिन सक्दैन, व्याख्या गर्न सक्छ। यसले बाटो देखाउछ। यसलाई सन्दर्भ अनुसार बुझ्नु पर्छ। समाजवादी शिक्षामा यही लचक दृष्टिको प्रयोग गर्नु पर्छ। गतिशील दार्शनिक पक्षलाई पढाउनु पर्छ।

मानव मुक्ति, सुख, सम्मृद्धि, उपभोगमा समानता मार्क्सवादको मुटु हो। यता पौरस्त दर्शनमा भनिएको छ सर्वे भवन्तु सुखिन सर्वे सन्तु निरामया सर्वे भद्राणी पश्चयन्तु मा कश्चित् दुःख भाग भवेत् (सबै सुखी होउन्, सबै आनन्द रहुन, सबैले राम्रो देखुन् कसैलाई दुःख आई नलागोस्)। त्यस्तै तापत्रयः आध्यात्मिक (शरीरको कारणबाट उत्पन्न ताप), आदिदैविक (महाप्रलय), आदिभौतिक (दुर्घटना) बाट मुक्ति पाउनु मानव लक्ष्य हो। नेपाली समाजले बोकेको दर्शन यही हो। यहाँ मानव मुक्तिका

सवालमा मार्क्स र पूर्वीय दर्शन निकट देखिए । अब नेपाली बुझाइबाट मार्क्सवाद पढाउनु पर्छ । नेपालमा मार्क्सले भनेजस्तो वर्ग छैन, हामी जवर्जस्त खोज्दै छौं । मार्क्सले गरेको वर्ग विश्लेषण असमान सम्बन्धको हो । यसलाई बुझाउने उपयुक्त टर्म वर्ग मात्रै होइन, यो सर्वव्यापी पनि होइन । नेपालमा जात, भाषा, क्षेत्र छ, यी आधारमा असमानता छ, शोषण छ । मनुस्मृति अनुसार श्रमका आधारमा जातीयता (ब्राम्ह्मण, क्षेत्री, वैश्य, शूद्र) छ । यही आधारमा विभेद छ । मनुस्मृति नबुझी गरिने वर्ग विश्लेशण अपूर्ण हुन्छ । उपनिषद्ले बाँडेजस्तो परा (दिमागी काम), र अपरा (शारीरिक काम) का आधारमा विभेद छ । यो नबुझी नेपाली समाज बुझिँदैन । त्यसैले शास्त्रीय वर्ग विश्लेषण होइन, नेपालीपनको असमान सम्बन्धको विश्लेषण गर्नु पर्छ । यस्तै नेपाली विषेशतामा आधारित शिक्षा मात्रै समाजवादी शिक्षा हुन सक्छ ।

न्याय, वैशेसिक दर्शनले भगवान् मान्दैनन्, साङ्ख्य दर्शनमा द्वन्द्ववाद छ । यिनीहरूले पदार्थ र चेतनाको एकत्वमा जोड दिन्छन् । बुद्धदर्शन निजी सम्पत्तिको खिलाफमा छ । यसले भगवान् मान्दैन, मानिस प्राकृतिक रूपमा बाँच्न पाउनुपर्छ भन्छ, वस्तुनिष्ठ कुरा गर्छ, व्यक्तिलाई पूर्णतामा हेर्छ । यी दर्शनहरू मार्क्सवादसँग नजिक छन् । यही नेपालीपन अनुसार मार्क्सवाद जोड्नु पर्छ । यसो भयो भने मात्रै त्यो शिक्षा समाजवादी हुन सक्छ ।

नेपालमा धर्मलाई जीवन दर्शन मानिन्छ । मार्क्सले धर्मलाई अफिम मात्र भनेका छैनन् बरू धर्म आत्माहीन समाजका लागि आत्मा र मुटुहीन समाजका लागि मुटु हो पनि भनेका छन् । मार्क्स भन्छन् धर्ममा जवर्जस्ती गर्नु हुँदैन, आइलाग्छ । धर्ममा केही गर्नु छ भने उसको चेतनामा परिवर्तन ल्याउनु पर्छ । रुसमा त्यहाँको मौलिक धर्मलाई नष्ट गरेर चर्चको स्थापना गरियो, क्रिस्चियानिटी लादियो, यसलाई राज्यको धर्म र नियम बनाइयो । त्यहाँ पछि धर्मलाई निषेध गर्दा जनता खुसी भए । तर पूर्वीय दर्शन नेपालका लागि आयातित होइन, लादिएको छैन । यो यही जन्मियो, समाजको निर्माण गऱ्यो र स्वयम् जीवन बन्यो । यसर्थ धर्मसँग अलग गरिएको मार्क्सवाद यहाँ टिकाउ हुँदैन । पुँजीवादको मूल मर्म व्यक्तिगत सम्पत्ति हो, प्राकृतिक स्रोतमा व्यक्तिको स्वामित्व हो । तर हाम्रो संस्कृति पुँजीवाद विरोधी छ । उत्पादित वस्तु बाँडेर खाने परम्परा छ । प्रमो प्रणाली छ, यसले सामूहिक श्रममा जोड दिन्छ । वृद्ध, असक्तको विषेश ख्याल गर्नु मार्क्सवादको आदर्श हो । पितृ देवो भव, मातृ देवो भव हाम्रो आदर्श हो । यही आदर्शमा आधारित शिक्षा, यसलाई बढावा दिने शिक्षा मात्रै समाजवादी शिक्षा हुन सक्छ ।

समय फेरियो, अनुभवले सिकायो । अब हाम्रो संस्कृति र समाजको जग बुझ्नु पर्छ, यसको उत्पादनमा रहेको सम्बन्ध बझ्नु पर्छ । भौतिकताका साथ चेतनाको पाटोलाई गहन अध्ययन गर्नु पर्छ । मार्क्सवादलाई जति सन्दर्भ अनुसार बुझ्छौं त्यति यो जीवन्त हुन्छ । सी चीनफिङ्वाद मार्क्सवादको चीनीयाँकरण हो । मार्क्सवादलाई जीवन्त बनाइराख्ने प्रतिबद्धता हो । अब हामीले पनि अरूको अनुभवबाट सिकौं, आफ्नो ऐना हेरौं । मार्क्सवादलाई नेपाली आँखाले हेरौं । अन्य देशको शैक्षिक प्रणालीको अन्धानुकरण समाजवादी शिक्षा होइन । मार्क्सवादलाई डगमाको रूपमा प्रयोग गर्न खोज्नेहरू समाजवादी शिक्षाका विरोधी हुन् । नेपाली दर्शन बुझौं, सम्भावना खोजौं, विशेषता चिनौं, समालोचक बनौं, भक्त नबनौं, कर्ता बनौं, रचनाकार बनौं, बनाऔँ । समाजवादी शिक्षा हामी भित्रै छ । अन्त भौतारिनु पर्दैन ।

❑❑

लेख

# रोइरहेको नेपाल

● उमा ढुङ्गाना
बीबीएस्, प्रथम वर्ष

वर्तमान अवस्थाको जटिल परिस्थतिबाट गुज्रिरहेको मेरो देश नेपाललाई देख्दा मेरो मनलाई त बल्लबल्ल सम्हालिरहेकी छु। तर खोई नेपाल आमाको मन छुन यो कल्पना भन्दा पनि बाहिरको कुरा हो। नेपालको यस्तो भत्याङ्भुतुङ् अवस्था देखेर नेपाल आमाको आँखाबाट आँसुको बाढी बगिरहेको छ। सायद् यो आँसुको बाढीलाई रोक्न हामी नेपालीले बलियो बाँध बनाउन सक्षम हुनुपर्छ। नेपाल एउटा बगैंचारूपि बगान हो। जसमा विभिन्न रङ र जातका फूलहरू पाइन्छन्। इतिहासले भन्छ कि हाम्रो देश नेपाल बन्नका लागि धेरै नेपाली सहिद बनेका छन्। धेरैका श्रीमती विधवा बनेका छन्। धेरै बालबालिकाहरू टुहुरा भएका छन्। नेपालीहरूको बहादुरी र एकताको सहास देखेर अङ्ग्रेजहरू भागेको इतिहास अझै जिउँदै छ। हाम्रा पुर्खाहरूले एक सुन्दर शान्त देश हामीलाई छाडेर गएका छन्।

यसको बचाउ गर्नुपर्ने दायित्व हामी सबै नेपालीको हो। सुन्दर गुलाफको फूलमा त काँडा हुन्छ भन्ने हामी त मानिस। देशभक्त नेपालीहरूको बीचमा पनि कताकता देशद्रोही पनि छन्। यिनै देश द्रोहीका कारणले गर्दा हाम्रो देश आज अराजकता अशान्ति र डरलाग्दो दलदलमा फँसेको छ। यस दलदलबाट नेपालीलाई निकाल्ने नै हो भने पहिला सबै नेपालीमा देशभक्तिको भावना उम्रन जरूरी छ। देश बिग्रनुमा नेताहरूको केही दोष छैन, दोष त म र मजस्ता नेपालीहरूको छ। यदी हामीले आआफ्नो दायित्व पूरा गर्ने हो भने फेरि यो देशमा शान्ति आउन कुनै समय लाग्दैन। हामीले गर्नु पर्ने दायित्व पूरा गर्ने हो भने पक्कै यो देशमा विकास र शान्तिको मूल फुट्ने थियो तर आज नेपालीहरू देश निर्माणमा हातेमालो नगरी आआफ्नो जातको छुट्दै राज्य हुनु पर्छ भन्दै दिनदिनै नेपाल बन्द गर्न थालेका छन्। बलात्कार, हत्या हिंसा जस्ता केशहरू दिनप्रतिदिन बढ्दे छन्। देशभक्तिको त कुरै छाडौं मानव अधिकार पनि कदर गर्न छाडेका छन्।

उनीहरू नेपाल देशको सुरक्षा गर्न सकेनन् भनेर देश बन्द गरेका छन्। तर उनीहरूलाई थाहा भएर पनि पचाइरहेका छन् कि हामीले गरेको बन्दले नेपालीहरू बढ्तै सास्ती दिइरहेका छन्। उनीहरू जातीय राज्य माग गर्न, नेपाली झन्डा फर्फराएर सडकमा उत्रिएका छन्। यो देख्दा देश र देशभक्तिको झल्को आउँछ। तर फेरि नेपाली झन्डा बोकेर जातीय राज्य माग गर्दा नेपाली आमा भक्कानो छाडेर रून्छिन्। म त एउटा विद्यार्थी मैले बोलेको आवाजको कुनै मूल्य छैन किनभने मजस्ता धेरै विद्यार्थीहरूको ज्यानको बलिदान हुँदा त देश समृद्ध हुन सकेको छैन तर पनि मैले आफ्नो मनमा लागेका भावना व्यक्त गरेर आफ्नो मनलाई हलुको मात्र पारेको छु। भोलिका दिनमा देशको लागि केही योगदान दिने उपाय छ। ❑❑

लेख

# कठै ! मेरो देश

● सञ्चिता के.सी
बी.एड्., प्रथम वर्ष

मेरो मातृभूमि, जन्मभूमि अनि कर्मभूमि मेरो देश नेपाल। गर्व लाग्छ मलाई मैले यस्तो शान्त, स्वच्छ अनि सुन्दर ठाउँमा जन्म लिएकी छु। भौगोलिक हिसाबले सानो भएपनि विभिन्न जातजाति, भाषाभाषी अनि विविध धर्मसंस्कृति र परम्परा अटाएको यो देह नेपाललाई मैले मेरो जन्मभूमि भनेर साइनो लगाउन पाउँदा अनि नेपाल भनेर सम्बोधन गर्न पाउँदा आनन्दको अनुभूति हुन्छ। भौगोलिक, जैविक, सांस्कृतिक, धार्मिक, भाषिक, जातीय र यस्तै अनेकौं विविधताले .भरिपूर्ण मेरो देशप्रति गर्व लाग्छ मलाई। यहाँका अनगिन्ती रमणीय स्थलहरू प्राकृतिक सम्पदाहरू लोभ्याउने डाँडाकाँडा र आफैंलाई भुलाइदिने यी सुन्दर दृश्यहरूले हामी नेपालीलाई मात्र नभई विदेशीलाई समेत मोहनी लगाएका छन्। हिमालयको स्वच्छ हावा खाँदै हिउँसँग रमाउनुको आनन्ददायी पल अनि ती अविरल बगिरहने नदी कलकल झरना, तराईका फाँटमा झुलेका ती धानका बाला हिमाली भेगका रमाइलो दृश्य, पहाडका डाँडाकाँडा विश्वकै अग्लो हिमाल सगरमाथा आहा ! मेरो देश। जति वर्णन गरे पनि अपुगजस्तो लाग्छ। आफ्नै रीतिथिति, आफ्नै परम्परा, आफ्नै भेषभुषा अनि आफ्नै परम्परा र संस्कृतिको संगम मेरो देश। आफ्नै प्राण भन्दा पनि प्यारो लाग्छ। भन्दै गर्दा दुई हरफ कविता कोर्न मन लाग्थ्यो।

आफ्नै प्राणभन्दा प्यारो लाग्छ मेरो देश
आफ्नै रीतिथिति आफ्नै भुषा भेष।

पाउमा बग्ने हिमगङ्गा शिरमा सगरमाथा
हरेक किल्ला सिमानामा वीरताको गाथा।

स्वच्छ पवन हिमालाको जल पाउमा कोशी
मलाई प्यारो लाग्छ मेरै लेक अनि बेसीँ।

आफ्नै कला संस्कृति आफ्नै परिवेश
आफ्नै प्राणभन्दा प्यारो लाग्छ मेरो देश।

दिनप्रतिदिन कैयौं विदेशीहरू हाम्रो कला संस्कृति अनि विविधतासँग रमाउन र अवलोकन गर्न भनेर नेपाल भित्रिरहेका छन् तर विडम्बना हामी आफैं छि ! यस्तो ठाउँ भनेर हेलाको पात्र बनाइरहेका छौं। आजकालका देशभक्त भनाउँदाहरू जो आफ्नो देश समृद्ध र आत्मनिर्भर बनाउन हैन छि  हेलाको पात्र बनाउन लागिरहेका हुन्छन्। विदेश जाने, विदेशी संस्कृति अँगाल्ने र आफ्नो संस्कृति लत्याउने बढ्दो प्रवृत्तिले गर्दा कतै हाम्रो परम्परा ओझेलमा मात्र नपरी लोप हुने त होइनन् ? विदेशी संस्कृति फाल्नै हुँदैन भने पटक्कै भन्न खोजेको होइन। राम्रा पक्षहरू अवलम्बन गर्नुपर्दछ तर आफ्नो परम्परालाई भुल्नु हुँदैन, जोगाइराख्नु पर्दछ। त्यति मात्र नभई हामी राष्ट्रभक्त भनाउँदाहरूले राष्ट्रभाषा भुलेको भान हुन्छ मलाई। हाम्रो देशको धेरैजसो बालबालिकाहरूलाई मातृभाषा के हो थाहै छैन। अङ्ग्रेजी सिक्नुहँदैन भन्ने होइन सिक्नुपर्दछ तर आफ्नो राष्ट्रभाषा भूल्नु हुँदैन। अङ्ग्रेजी सबैले सिकुन् तर आफ्नो राष्ट्र, राष्ट्रियता र राष्ट्र भाषालाई पनि सम्मान गर्नु सिकुन्। भर्खरै जन्मिएको बच्चा जसको बोली टुसाउन समेत राम्रोसँग पाएको हुँदैन उनीहरूलाई आमाबुबाले 'Dad' र 'Mom' अनि Come here र Go there को संकेत गरिरहेका हुन्छन्। प्रश्नको विषय बनेको छ आज

राष्ट्रभाषा । कतै यस्तै हुँदै गयो भने हाम्रो राष्ट्रभाषा नै लोप हुने त होइन ?

'The light of Asia' भनेर चिनिने गौतम बुद्धको जन्मस्थल लुम्बिनी पनि नेपालको एक पहिचान हो तर विडम्बना छिमेकी राष्ट्रले हाम्रो पहिचानहरू अनि हाम्रा आर्कषक स्थलहरू टुक्राटुक्रा पारी कब्जा गर्दा पनि हामी स्वाधीन नेपाली चुपचाप छौँ । यतिसम कि हामीमा यो हाम्रो देश भनेर औंला उठाउन सक्ने क्षमता समेत छैन । जबकि हाम्रा वीर पुर्खाहरूले दिनरात, भोकप्यास अनि थकान नभनी रगतको खोला बगाएर आफ्नै ज्यान समेत बलिदान दिन पछि नहटी एकत्रित गरेको राष्ट्र हो । राष्ट्रभक्त भनाउँदा हामी नेपालीलाई कैंयौं देशको कुनाकुना कुन सहर कुन ठाउँमा छ भने थाहा होला जबकि उनीहरूले नेपालको पोखरा र लुम्बिनी घुमेका छैनन् अनि धौलागिरि र कञ्चनजङ्घा सुनेका पनि छैनन् होला । यसरी चौतर्फी हिसाबले सम्पन्न हाम्रो देशलाई हामी आफैँले कठैको पात्र बनाइरहेछौं ।

हाम्रा वीर पुर्खाहरूले आफ्नो ज्यानको बलिदान दिएर अनि रगतको होली खेलेर एकत्रित गरेको हाम्रो राष्ट्र नेपाललाई हामी सबैले माया गरौं । स्वर्गभन्दा प्यारो देश नेपालको नागरिक हुनमा गर्व गरौं । हामीले सबै नेपाली एउटै फुलबारीको फूल हौं भन्ने भावना लिएर हाम्रो देशलाई विश्वमाझ चिनाउनु पर्दछ । हामी भनौदा मात्र हैन ए सच्चा राष्ट्रभक्त बन्नु पर्दछ । हाम्रो धर्म, संस्कृति, परम्परा, राष्ट्रभाषा र राष्ट्रियतालाई सुदृढ बनाउनु पर्दछ जसका लागि म हैन हामी लागिपरौं । एकजुट भएर लागिपरौं नत्र हामीलाई नेपाल आमा अनि हाम्रा वीर पुर्खाहरूले सराप्ने छन् । वीर पुर्खाहरूले बनाएको हाम्रो सम्पन्न देश अनि मात्र कठैको पात्र बन्नुपर्ने छैन । कसैले सुन्न अनि भन्न नपरोस् । कठै मेरो देश !

❑❑

**कविता**

# ए पुरुष !


● सरिता खाती
उपाध्यक्ष, स्ववियु




ए पुरुष किन तिमी गर्व गर्दछौं पुरुष हुनुमा ?
तिम्रो पहिलो घर त मेरो कोख हो ।

ए पुरुष आफूलाई किन तिमी बलियो सम्भन्छौ ?
तिमीलाई थाहा छ नि !
तिम्रो ती बलियो हात खुट्टा त गर्भ मै मैले
तिमीलाई दिएको हतियार हो ।
किन कि तिम्रो पहिलो घर त मेरो कोख हो ।

किन आफूलाई तिमी पुरुष हुनुमा घमण्ड गर्छौ ?
तिमीलाई थाहा छैन र ?
तिमीले फेर्ने स्वास त्यो त मैले तिमीलाई ?
गर्भ मै दिएको अक्सिजन हो ।
किन कि तिम्रो पहिलो घर त मेरो कोख हो ।

ए पुरुष आफूलाई किन स्मार्ट र बलियो सम्भन्छौ
तिमीले हेरिरहेका छौ नि यो सुन्दर संसार
तिमीलाई थाहा छ ?
यी संसार हेर्ने त्यो आँखा त तिमीलाई मैले
गर्भ मै दिएको लेन्स हो ।
किन कि तिम्रो पहिलो घर त मेरो कोख हो ।

ए पुरुष तिमी आफूलाई किन अहम् ठान्छौ ?
तिम्रो भन्नु केही छ र ?
तिमी पुरुष मानव हुनुमा त तिमीलाई मैले दिएको बरदान हो ।
किन कि तिम्रो पहिलो घर त मेरो कोख हो ।

किन तिम्रो नजरले नारिलाई कमजोर देख्छ
तिमीले पाएको जिन्दगी त मैले तिमीलाई दिएको उपहार हो ।
किन कि तिम्रो पहिलो घर त मेरो कोख हो ।

ए पुरुष किन तिमी गर्व गर्दछौ पुरुष हुनुमा ?
तिम्रो पहिलो घर त मेरो कोख हो ।

❑❑

# Modern Government HR Vs Traditional Government HR

• Niraj Jha
Asst. Lecturer, Managament

Since a decade, the staffing system of governmental jobs has been found more and more structured, fair and competitive.

Gone are the days, where people used to take government staffs for granted.

The Public Service Commission has been found to be successful in digging out the best resources from the market, by conducting -

It is said "warriors must have best weapon to win the battlefield". Same is the case with these filtered human resource. They can perform their best only if they have sound non-human resources within their set of parameters. The staffs are always willing to work day and night for the benefit of the organization.

The over qualified staffs has been appointed for the governmental jobs. This has brought both opportunities and threat for the organization. On the one hand, the organization is benefited from the capabilities of the human resource, on the other hand, they find difficult to cope up with the volatility of the employee turnover. This has given rise to a paradigm shift.

I strongly believe that, in order to achieve success for any organization, the demographic composition of different group of people plays an important role in the society. All new, semi-old and old generation staffs are equally important. A flowing river (young and energetic staffs) must have two definite boundaries (older staffs) and a bridge (semi-old staffs) to get it into the right track. Absence of any, or higher presence of any, will definitely bring challenges to cope up with the dynamism of environment.




Technological change has definitely shorten the period of generation gap. There is a great degree of threat from getting technologically obsolete day by day. The communication system of web 2.0 has compelled human resource to either boom or get doomed from the market.

The new era of human resource employed in governmental jobs has been provoking the traditional rules, structure, framework, working patterns, and ethical behavior as the pace of change.

Out of the thousands of prospective candidates, only limited people are selected for the appointment. Although, students puts their utmost effort in order to be a part of government jobs. However, due to limited seats, only the best are able to get into the list.

So, the general public must be aware that, new governmental employees are much more energetic, capable, smart, flexible, dynamic, visionary and ethically governed –as compared to the traditional staffs. Therefore, it is the time to change the mind set of people. ❑❑

समालोचना

# गोविन्द गोठालेको "भुसको" आगो नाटकमा सामाजिक द्वन्द्व

● खेचबहादुर खड्का
सहायक प्राध्यापक, नेपाली

## १.१ विषय प्रवेश

गोविन्दबहादुर मल्ल गोठालेले नेपालको राजधानी काठमाडौँ सहरभित्र कै उच्च, मध्यम र निम्न वर्गीय शिक्षित, अशिक्षित, धनी र गरिब, उच्च जात र नीच जात आदिको पारिवारिक अवस्था, सामाजिक परम्परा, धर्म संस्कृतिका बीचमा भएको द्वन्द्वको घट्नालाई मूल विषयवस्तु बनाएका छन् । नाटकमा ग्रामीण जीवन र निम्न वर्गीय सामाजिक परिवेशको चित्रण गरेर नाटक रचना गर्नु उनको वैशिष्ट्य पनि हो ।

मार्क्सवादी दृष्टिकोण अनुसार समाजको वर्गीय विभाजन मानिसको जीवन सञ्चालनमा आउने सम्पूर्ण सम्पत्ति, साधन, र ऐश आरामका विषयवस्तुहरूमा अधिकार जमाउने व्यक्ति र परिवार उच्च अभिजात वर्गमा पर्दछन् । यस वर्गले शारीरिक श्रमको कदर र त्यसको महत्त्व स्पष्ट रूपमा स्वीकार गर्न नसक्ने हुँदा यस वर्गमा शारीरिक र मानसिक कुनै न कुनै रूपमा तल्लो वर्गमाथि शोषणको सम्भावना रहिरहने हुन्छ । सम्पूर्ण उत्पादनका साधनहरू आफ्नो अधीनमा राख्ने हुनाले सामाजिक व्यवस्था नै यस वर्गको नियन्त्रणमा रहन्छ । जीवन निर्वाहको मात्र साधन र श्रमशक्ति भएका समाजका व्यक्तिहरू निम्न वर्गमा पर्दछन् । यिनै दुई वर्गका बीचको अर्को वर्गचाहिँ मध्यम वर्ग हो यसले आफ्नो बुद्धि, विवेकका आधारमा आफ्नो जीविको चलाइराखेको हुन्छ । यी उल्लेखित आधारहरूलाई हेर्दा नाटकमा गोठालेको शिक्षित, मध्यम वर्ग र सम्पन्न ऐशआरामी दरबारिया तथा अभिजात वर्गको चित्रणमा नै आफ्नो नाटकको विषय बढी केन्द्रित गरेको पाइन्छ । गोठालेका नाटकमा समाजमा बसोबास गर्ने मानिसको सामाजिक अवस्था मजबुत बन्दै गएमा नकारात्मक सोच बढ्न गई वर्गीय उपेक्षा समेत गरेको पाइन्छ । समाजमा धनी र गरिब ठूला जात र साना जात, शिक्षित र अशिक्षित बीचमा जब सामाजिक मनमुटाव, वैमनस्यता बढ्दै जाँदा समाजमा समेत पर्दाफास हुन्छ र समाजमा द्वन्द्वको सिर्जना हुन्छ ।



गोठालेका तीनवटै पूर्णाङ्की नाटकमा प्रयुक्त भएका विषयवस्तुलाई विश्लेषण गर्दा प्रारम्भमा आन्तरिक द्वन्द्वबाट कथानक अगाडि बढे पनि नाटकको विकासात्मक भागमा भने बाह्य द्वन्द्व अन्तर्गत द्वन्द्व विकसित भई सम्पूर्ण नाटकको सेरोफेरो नै द्वन्द्वात्मक अवस्थाबाट नाटकको कथावस्तु अगाडि बढेको पाइन्छ ।

गोठालेका नाटकमा प्रयुक्त पात्रहरू काठमाडौँ परिवेशका सहरीया, उच्च, मध्यमवर्गीय घर पविारकै समस्यासँग मिसिन आएका छन् । काठमाडौँ राजधानी सबको केन्द्रविन्दु भएको हुनाले गोठालेका अधिकांश नाटक काठमाडौँ केन्द्रित नाटकहरूमा धनी, गरिब, सहरीया, ग्रामीण, सभ्य, असभ्य आदि सबै थरिका पात्रहरू र तिनका अलगअलग स्वभाव र समस्याको चित्रण पाइन्छ । यति हुँदाहुँदै पनि गोठालेका मूलतः आफ्नो नेवारी समाज र संस्कृति, सहरीया सभ्यता र उच्च मध्यमवर्गीय संयुक्त परिवारको परम्परामा नै केन्द्रित भएर नाटक बढी रमाएका छन् । त्यसको

ज्वलन्त प्रमाण उनका अधिकांश नाटकहरूमा देखिने पात्र परिवार र प्रचलन, स्थान, वातावरण तथा परिवेश, भाषा र लवजमा झल्किने स्थानीय जातीय, क्षेत्रीयपनका साथै यहाँ कै विशेष सामाजिक समस्यालाई समेत दृष्टिगत गर्न सकिन्छ। अतः प्रस्तुत नाटकहरूमा सामाजिक द्वन्द्व पाइन्छ।

## १.२ कथानक संरचना

भुसको आगो नाटकमा पनि सामाजिक जीवनका मूल्य र मान्यतालाई अघि बढाउँदै समाजमा घटेका विविध समस्या यथार्थ प्रस्तुत गर्न यो नाटक केन्द्रित रहेको छ। तसर्थ यस भुसको आगो नाटकमा तत्कालीन सामाजिक यथार्थ, सामाजिक विषयवस्तु, सामाजिक पात्र र सामाजिक समस्या प्रस्तुत गरिएको नारी समस्याले ग्रस्त भएको नाटक हो। अतः नाटकमा सामाजिक द्वन्द्व र मनेवैज्ञानिक द्वन्द्व समेत यहाँका घटित विभिन्न प्रवर्गहरूबाट ज्ञात हुन्छ। यस नाटकमा उर्मिला, राधा, नानीछोरी शान्ति, बज्यै, शारदा, रीता, सरिता आदि सबै नारी पात्रको सामाजिक सेरोफेरोमा नाटकको नाटकीय कथावस्तु अगाडि बढेको पाइन्छ। पुरुष पात्र विना पनि नाटकले उत्कर्षसम्म मौलाउने अवस्था पाए पनि सुन्दरमान प्रारम्भदेखि नै सूच्य पात्रका रूपमा समाप्तिसम्म नै भूमिकामा रहेको देखिन्छ। भुसको आगोमा वर्णित मुख्य पात्र उर्मिलाको सामाजिक परम्परा अनुसार विवाह सम्पन्न भएको हुन्छ। विवाह पश्चात सुन्दरमानका घरपट्टिकालाई उर्मिलाको घरमा भोज भतेरमा समस्तरीय जातसँग भोज नखुवाएको भनी आरोप लगाई माइतीमा नै छाडिदिई आफ्नो सम्पन्नता सरह अर्को दोस्रो विवाह सामाजिक संस्कार अनुरूप नै गरेपछि त्यसको प्रतिकार गर्नुको सट्टा माइतीमा नै बसेर शिक्षा आर्जन गर्ने योजना अनुरूप कलेज तह सम्मको अध्ययन पश्चात सुन्दरमान पनि समयान्तरमा ऊप्रति आकर्षित भएको पाइन्छ। उर्मिला पनि बेलबेलामा शान्ति र राधासँग मेरो लोग्ने भएर पनि नभए जस्तो मेरो लोग्ने बेल भनेर दिएको अभिव्यक्तिले उनी आफ्नो मुख्य इच्छा प्रकट गर्न नसकेको कुरा व्यक्त भएको देखिन्छ। नाटकका पात्रहरूले तत्कालीन सामाजिक परिस्थितिलाई समस्यामूलक बनाएको हुँदा यो सामाजिक नाटक हो। यसको विषयवस्तु सामाजिक समस्याको प्रस्तुतिमा केन्द्रित छ।

भुसको आगो नाटकमा आन्तरिक द्वन्द्व प्रबल रहेपनि बाह्य द्वन्द्व पनि टड्कारो रूपमा अभिव्यक्त भएको पाइन्छ। उर्मिला, शारदा, शान्ति, बज्यै, नानीछोरी आदि पात्रहरूले केही न केही बाह्य द्वन्द्व (सामाजिक) प्रस्तुत गरेको देखिन्छ। यस नाटकमा शारदाको उपस्थिति कम भए पनि समाजको रूढी संस्कारका विरुद्ध ऊ नै बढी आक्रामक रूपमा प्रस्तुत भएकी छे। नारीहरूलाई सामाजिक थिचोमिचोका साथै पुरुषहरूको कठपुतली बनेर बस्नु पर्ने बाध्यताबाट मुक्त गराउँन उसले मुख्य भूमिका खेलेको पाइन्छ। यसका साथै ऊ नारीप्रति पुरुषहरूद्वारा हुने अनेकौं खाले ज्यादतीका विरुद्ध आन्दोलन नै अनिवार्य आवश्यकता बन्न पुगेको कुरा समेत प्रकट गर्न पुगेकी छे। शारदाका यस्ता अभिव्यक्तिमा द्वन्द्वको स्पष्ट रूप परिलक्षित भएको पाइन्छ। यसरी हेर्दा शारदामा पर्याप्त नारी चेतना देखिन्छ भने ऊ नारी चेतनाको जातीय अस्मिताको संरक्षणार्थ गर्न सङ्घर्षको मैदानमा अडिग भएर उभिएकी छे। तत्कालिक रूढीवादी सामाजिक सांस्कृतिक संरचनाको विरुद्ध विद्रोह गर्न यो पात्र नाटककारको विचार वाहक पनि हो। यो पात्र अर्कोतिर ऊ आफ्नो वैयक्तिक समस्या बोकेर आएकी छैन बरू जातीय समस्याको समाधानार्थ साङ्गठानिक क्रियाकलापको साथ अगाडि बढेकी छे। उसमा आफ्नो बोली र विचारमा अरूलाई प्रभावित पार्न सक्ने क्षमता पनि रहेको छ। शारदाले समाजमा खुलेर जातीय, लिङ्गीय, वर्गीय हस्तक्षेप र विभाजनलाई निराकण गर्न खुलेर लागेकी छिन्। यसरी समाजमा हुने अन्याय, अत्याचारका विरद्ध लागि पर्दा आउने समस्याको समाधान गर्न पनि सङ्घर्ष गरेकी छिन्।

नाटककी केन्द्रीय पात्र उर्मिलामा पनि सामाजिक सङ्घर्षको आयोजना गरेको देखिन्छ।

सामाजिक परम्परा अनुसार आफूभन्दा ठूलाको वचन काट्नु हुँदैन भन्ने कुराको बोध हुँदाहुँदै पनि त्यसलाई तोडेर ऊ आमा र बज्यैसँग मुखमुखै लाग्न पुगेकी छ। सार्वजनिक रूपमा पतिको नाम उच्चारण गर्नु पतिलाई निर्जीव बेलको सङ्केत दिनुले आफ्ना निम्ति ऊ मरिसकेको कुरा निर्भीक रूपमा बताउनु निश्चय नै परम्परित मूल्य र मान्यताप्रतिको आक्रोश तथा विरोध हो। बज्यै र नानीछोरीलाई मर्यादा नगरी उनीहरूका अगाडि ठाडो बोली बोल्नुले पनि ऊ भित्रको आन्तरिक द्वन्द्व बाह्य द्वन्द्वका रूपमा प्रकट भएको छ। उसले नारी सुधार समितिमा रहेर काम गर्नुले सामाजिक विद्रोहको एउटा रूप मान्न सकिन्छ। तात्कालिक समाजले नारीलाई यस्तो हदसम्मको स्वतन्त्रता प्रदान गरेको थिएन। यस्तो स्थितिमा उसले पारिवारिक विरोधको बेवास्ता गर्दै नारी उत्थानका पक्षमा काम सार्नुलई सानो कार्य भएपनि सङ्घर्षको एउटा रूप मान्नै पर्छ। उर्मिलाको नारी सङ्गठनको कामलाई उसकी आमाले कत्ति मन पराएकी छैन भने समाजका मानिसहरूले भने झनै यस्तो विचारमा काम गर्नु भनेको माइतमा बसेर घर गरेर खान नसक्ने महिलाको हविगत समेत भनेको पाइन्छ।

## १.३ सामाजिक द्वन्द्वका विविध पक्ष

सामाजिक द्वन्द्वलाई विभिन्न प्रवर्गमा विभाजन गर्न सकिन्छ। वर्तमान नेपाली ग्रामीण समाजमा परम्परागत उत्पादन प्रणाली छ। जुन जीविकोपार्जन गर्न मात्रै लागि पर्ने खालको छ। वर्तमान परिवेशमा सबै ग्रामीण परिवेश सहर परिवेश उन्मुख खालको छ। जहाँ बसोबास गर्ने मानिसहरूको सामाजिक, सांस्कृतिक व्यवहार एकैनासको छैन। शिक्षित र अशिक्षित, पुरानो र नयाँ पुस्ता, सम्पन्न वर्ग र विपन्न वर्गको बीच हरेक कार्यहरू फरकफरक रहेका छन्। उनीहरूको समाजमा आफ्नै प्रकारको मौलिक अस्तित्त्व कायम रहेको छ। जसले गर्दा समाजमा द्वन्द्व वा सङ्घर्ष उत्पन्न हुन्छ। आफ्नो मौलिक अधिकार सुनिश्चित कायम राखी आफूलाई समाजमा सुयोग्य नागरिक बनी समाजको अग्रगामी परिवर्तन गर्न सधै लागि पर्नु पर्दछ। अत: सामाजिक द्वन्द्वका विवधि पक्षहरू पुरानो र नयाँ पुस्ता, शिक्षित र अशिक्षित, सम्पन्न र विपन्न, धनी र गरिब, ठूलो जात र सानो जातबीच भएका द्वन्द्वका सन्दर्भहरूलाई प्रष्ट पारिएको छ।

### १.३.१ भुसको आगो नाटकमा नारी र पुरुषबीच द्वन्द्व

भुसको आगोले नारी समस्याको प्रतीकात्मक प्रस्तुति दिएको छ। यो नाटकले नारीको स्वतन्त्र अस्तित्त्व चेतनाको उद्घाटन गरेको छ भने अर्कोतिर समाजको परम्परागत एवम् सामाजिक संस्कृतिको परम्परालाई व्यङ्ग्य गरेको छ। यस नाटकमा काठमाडौँको मध्यमवर्गीय नेवारी समाजमा प्रचलित जातभातको उँचनीँचको सङ्कीर्णतामा नारीलाई समाजमा अस्तित्त्वविहीन ठानेर अपहेलित र तिरस्कृत ठानेर सुन्दरमानले आमा बाबुको कुरा सुनेर हेला गरेको पाइन्छ। यस नाटकमा नारी र पुरुषको बीचमा केही हदसम्म द्वन्द्व भएको पाइन्छ। "त्यो मेरो पोइ हो ? मेरो पोइ त बेल ! बेल सुन्दरमानमा के फरक छ ? उस्तै ! पोइ जिउदै भएर पनि पोइ छैन क्यारे।"(१:८) यस नाटकमा नारी र पुरुषबीच द्वन्द्व छ। उर्मिला विवाह गरेर पनि पुरुषविहीन भई बस्नु परेको विवशता स्पष्ट भएको छ।

नाटकको पहिलो अङ्कमा प्रमुख पात्र उर्मिलाको समस्याबारे स्पष्ट चिनारी गराइएको छ। यस कथामा वर्णन गरिए अनुसार उर्मिलाको विवाह दस वर्ष भन्दा अगाडि नै विवाह सम्पन्न घरानाको केटा सुन्दरमानसँग उसको विवाह भएको छ। नेवार समुदायमा सम्पन्न घरानाको सुन्दरमानका घरपट्टिकालाई माइतीतर्फकाले तल्लो जात सम्झेर भोज भतेरमा उसको घर तर्फकालाई समस्तरीय पाहुनाहरूका साथमा राखेर भोज नखुवाई तल्लो जातका मान्छेसग भोज खान दिएको झोकमा उर्मिलालाई पनि सुन्दरमानले आमा बाबुको

करकापमा परेर घरबाट निकालिदिएको छ। घरबाट निकालिए पछि शिक्षित नारी बन्नका लागि पढ्न खोज्दा पनि सास्ती बेहोर्नु परेको छ। यसै प्रसङ्गमा उर्मिला भन्छे- "मास्टरसित पढे पनि कुरा काटेकै छ। पढेर आफ्नो खुट्टामा अड्न खोजे पनि कुरा काटेकै छ। कहिले काटेको छैन कुरा !"(१:८) सुन्दरमानले घरबाट निकालिदिए पछि उर्मिला माइतमा बसेर अध्ययन गर्न थाल्छे भने उता आफू अभिजात र ठूलो कुल घरानको सम्झी आफू सरहको कुल घरान मिलाएर अर्को विवाह गर्दछ भने उर्मिला चाहिँ आफू अशिक्षित र अबला भएको कारणले घरबाट अपहेलित हुनु परेको ठानी माइतमा नै बसेर पतिको ईख लिएर उर्मिला आईएसम्मको अध्ययन गर्दै जान्छिन् तर एक दशक पार गर्दा पनि सुन्दरमानले उर्मिलालाई भेटेको छैन। यता उर्मिला भने आफ्नो अन्तरहृदयमा नै सधै पतिस्वरूपमा सजाएर राखेकी हुन्छे तर पनि उर्मिलासँग तीव्र अक्रोश छ। उर्मिला तीव्र अर्न्तद्वन्द्वमा छट्पटिन्छे। उनका निम्ति पति हुनु र नहुनुमा केही अन्तर छैन। बरू नभएको भए वा मरेको भए उनी त्यो स्थितिका वैवाहिक जीवनको बन्धनबाट मुक्ति नै पाउने थिइन्। आफू भित्रको विद्रोहाग्निलाई उनी बज्यैको अगाडि "त्यो सुन्दरमान मेरो पोइ मरेको भए हुन्थ्यो, म बेलसित होइन मान्छेसग पोइल जान्छु।" (२/२३) यसरी नाटकको प्रथम अङ्कमा नै समस्याको साथै विषम परिस्थिति एवम् द्वन्द्वको विद्रोहाग्नि भुसको आगोका रूपमा भित्र भित्रै सल्किए झैँ भान हुन्छ। उक्त भनाइबाट के स्पष्ट हुन्छ भने यस नाटककी केन्द्रीय पात्र उर्मिला र सुन्दरमानको बीचमा तीव्र द्वन्द्व रहेको पाइन्छ किनभने आफ्नो पति भनेर लामो समय मान मर्यादामा एउटी सावित्री जस्ती सत्यवादी, पतिव्रता भएर बस्दा पनि नारीलाई उसले उपाहास गरेको छ। सुन्दरमानले बाबु आमाको असल छोरो बनेर अर्कीसँग विवाह गरिहाल्नु पर्ने थिएन नि भन्दै त्यो मेरो पोइ मरेको भनी तीव्र असन्तुष्टि व्यक्त गरेको भावले नै यस नाटकको नारी र पुरुषमा द्वन्द्व विकसित रूपमा अगाडि बढेको पाइन्छ। नाटकमा नारी र पुरुष बीच भएका द्वन्द्व थियो भन्ने कुरा यसबाट पनि स्पष्ट हुन्छ। शारदा भन्छे -"स्वास्नी मान्छेका लागि प्रजातन्त्र कहिले पो आउने हो कुन्नि जता पनि थिचेको छ। आफैँले आफैलाई अल्मल्याएको छ, आफैँ बन्धनमा परेको छ। स्वतन्त्र कहिले पो हुने हो स्वास्नी मान्छे !" (२:२३) यहाँ शारदाको अभिव्यक्तिबाट के थाहा हुन्छ भने नारीलाई सधैं नै घरमा सीमित राख्ने नारी जागरणमा लाग्न प्रतिबन्ध गरेकाले यी विद्रोहको स्वर मुखरित गरेकी हुन्। उर्मिला भन्छे-"मलाई डर लाग्छ ! त्यसले के भन्ला त ? त्यसले भन्ला - म अझै तिमीलाई माया गर्छु, सत्ते। (आफै व्यंग्यात्मक हाँसो हासेर ) यत्तिका वर्ष दुःख दिएर अहिले माया।"(४:४१) उर्मिलालाई माया चाहिएको छैन किनकि यत्तिका वर्ष माया नगर्ने स्वास्नी मान्छेलाई अस्तित्त्वहीन ठानेर मनोरञ्जनको साधनका रूपमा खेलवाड गर्ने सुन्दरमान जस्ता लोग्ने मान्छेको मूल्यहीन प्रवृति र बद्मासीलाई सम्झेर त्यसको प्रतिरोध तथा द्वन्द्व गर्न चाहन्छिन्। उनी सौता र उसका छोरा छोरीको खुसीमा वाधक बन्न जान चाहानन्। बरू उर्मिला आफू माइतीमा नै बसेर जीवन बिताउनु सार्थक हुने सम्झी सुन्दरमानलाई भेट्न नजाने साहसिक निर्णय एउटा नारीमा विकास हुनुले उदाहरणीय कार्य सबैका लागि प्रस्तुत गरेकी छिन्।

### १.३.२ भुसको आगो नाटकमा पुरानो पुस्ता र नयाँ पुस्ताबीच द्वन्द्व

भुसको आगो नाटकमा तीन पुस्ताबीचको सेरोफेरोमा यसको कथावस्तु अगाडि बढेको छ। यस नाटकमा बज्यै उर्मिलाकी हजुरआमा, नानीछोरी उर्मिलाकी आमा, उर्मिला समेत गरी यी तीन पुस्ता बीचको वार्तालापले यो नाटकले आफ्नो गतिलाई निरन्तरता दिएको पाइन्छ। पतिद्वारा त्यागिएकी उर्मिला माइतमा लामो समयसम्म बसी उच्च शिक्षा सम्मको शैक्षिक ज्ञानार्जन पश्चात सुन्दरमान दोस्री पत्नी भन्दा उर्मिलातिर लोभिएको पाइन्छ। यसै

क्रममा उर्मिलासँग भेट गर्न र आफ्नो घरमा लैजान उसले चिठी समेत पठाएको पाइन्छ। यो खबर बज्यै र नानीछोरीले थाहा पाएपछि उर्मिला उसको घर जानु नै भलो हुने कुरा गर्दा उर्मिला पनि दोधारमा परी के गरौं भन्ने समस्यामा अल्झिन्छन्। उता पति भनेको भगवान् तथा परमेश्वर हो पतिको नामोच्चारण गर्नु, सराप्नु भनेको महापाप गर्नु हो भन्ने पारम्परिक रूढ संस्कारमा हुर्केकी हुनाले बज्यौ यस समस्याको समाधान उर्मिला र उसका बाबु आमाले कुटुम्बका सामू झुक्न जानै पर्छ भन्ने अडानमा रहेकी छन् । उर्मिला भन्छे -"त्यो मेरो पोइ हो र ? मेरो पोइ त बेल ! (शान्ति) बेल र सुन्दरमानमा के फरक छ ? उस्तै ! उस्तै ! पोइ जिउदै भएर पनि मेरो पोइ छैन क्यारे।" (१ :८) यसरी उर्मिलाको विचारमा पोइ र बेलमा खासै फरक नरहेको र त्यसको नाम उच्चारण गर्दा के नै हुने हो र भन्ने विचारमा दृढ छिन्। उर्मिलाले नयाँ पुस्ताको प्रतिनिधित्व गरेकी छिन्। मननानीको विचारमा विवाहिता छोरीलाई दीर्घ कालदेखि माइत घरमा राखिरहनु पर्दा नानीछोरीको पनि जुवाइँप्रति भन्दा पनि उर्मिलाप्रति बढी रिसाएकी छन्। बज्यैको विचारमा चाहिँ उर्मिलाका बाबुआमा नै बढी मात्रामा दोषी छन् किनभने आरम्भमा छोरी जुवाइँलाई मिलाएर राख्ने दिशातर्फ कदमा चाल्नुको सट्टा आफ्नी छोरी आफैं पालिन्छ भन्ने हठ लिएका कारण उक्त समस्या गम्भीर बन्न गएको निष्कर्ष रहेको छ। उर्मिलाले घर गरेर खान नसकेपछि तत्काल उसलाई पुऱ्याउन नजानुचाहिँ आफ्नै तर्फको गल्ती हो भन्ने कुरालाई नानीछोरीले स्वीकार गरेकी छे।

"को मरेको भए ? मैलै जम्मै सुनेकी छु, तिमीहरूको कुरा नसुनुँ भने पनि भएन,बाहिर काँच टिप्दै थिए। पाप लाग्छ बाबै, त्यसरी नभन ! बड भन्न पाये भन्दैमा जे पायो त्यही !"(१:१०) यसबाट के प्रष्ट हुन्छ भने यस नाटकमा पुरानो र नयाँ पुस्ता बीच तीबव द्वन्द्व छ भन्ने कुरा स्पष्ट हुन्छ। उर्मिलाले आफ्नो पतिको नामोच्चारण गर्नु अनौठा ठानेकी छैनन् तर पुरानो पुस्ताकी प्रतिनिधि पात्र बज्यैले पतिलाई देवता सरह मान्नु पर्छ भनेको अझै यसबाट पनि स्पष्ट हुन्छ -"द्यौता हो नि ! तपाईंको पोइ पनि द्यौता। बज्यैले भन्नु भएको तपाईं त पापी रे !"(२:१७) बज्यैले लोग्नेलाई द्यौता भन्नु पर्छ भन्ने भनाइले पुरानो पुस्ताको संस्कारलाई मलजल दिएको पाइन्छ। लोग्नेलाई जे पायो त्यही भनेमा पाप लाग्छ भन्नु परम्परामा नारी वर्गले पुरुषलाई कति मान सम्मान वा पुरुषत्वको हैकमवादी शासन थियो भन्ने कुरा स्पष्ट समेत हुन्छ। यस भनाइमा नारीलाई सदियौंदेखि घरको चौको चुलो भन्दा माथि कहिल्यै उठ्न नसकेको देशमा प्रजातन्त्र आए पनि महिलाको कुनै हक अधिकार सुनिश्चित नभएको जुन अभिव्यक्ति छ वास्तवमा नारीले पुरानो पुस्ताको मूल्य र मान्यता भन्दामाथि उठेर आफ्नो हक अधिकारको कुरा गर्न समेत शिक्षित नारीको हैसियतले यी विचारहरू व्यक्त भएको पाइन्छ। शारदाले यति पनि भन्नु वास्तवमा ठूलै आँट मान्नु पर्छ र एउटी शिक्षित नारीको पुरानो पुस्ता विरुद्धको साहसिक कार्य मान्नु पर्छ।

यसरी यस नाटकमा नयाँ र पुराना पुस्ताबीचमा द्वन्द्व पाइन्छ किनभने यहाँ उल्लेखित पात्रहरू मध्ये बज्यै र नानी छोरी पुरानो पुस्ताका पात्र हुन् भने उर्मिला, शारदा, शान्ति, राधा, रीता, सरिता नयाँ पुस्ताका पात्र हुन् जसले समाजमा रहेको नारीवर्गको सामाजिक मान मर्यादा वर्तमान समयानुकूल बनाउन नारी सङ्घ, सङ्गठनमार्फत् आफ्ना अधिकार सुनिश्चित गर्न पुरानो पुस्तामा रूढ भएर बसेको संस्कारलाई माथि उठाउन गरेको कार्य वास्तवमा नारीको चेतनाको उपज मान्न सकिन्छ। पुरातन समाजका अड्मिल्दा र धाराणाहरू बोकेर हिँडेकी बज्यै नवीनतम् सामाजिक परिवेशमा बेकम्मा भएकी देखिन्छन्। हुर्किसकेकी र पढेलेखेकी उर्मिला तथा शान्तिलाई आफ्ना पुराना अर्ती र उपदेश लगाउन नसकेर सानी नातिनी रीतालाई पति परमेश्वर तथा पााप र धर्मको जपना गर्न सिकाउँछिन्। नाटकको अन्त्यसम्म पनि उर्मिला घर जानु पर्छ, पोइले लाख लात हाने पनि स्वास्नी मान्छेले सहनु पर्छ भन्ने बज्यै

र नानीछोरीको भए पनि नयाँ पुस्ताकी प्रतिनिधि उर्मिला भने पतिको घर जानुको सट्टा शिक्षित बनेर पतिको सेखी झार्ने विचारले माइतीमा बस्ने साहसिक निर्णयबाट नाटकमा नयाँ पुस्ता र पुरानो पुस्ता बीच द्वन्द्व विकसित भएको पाइन्छ ।

### १.३.३ भुसको आगो नाटकमा शिक्षित र अशिक्षित बीच द्वन्द्व

भुसको आगो नाटकमा शिक्षित र अशिक्षित पात्रबीच द्वन्द्व पाइन्छ । यस नाटकमा उर्मिला र शारदा शिक्षित पात्र हुन् भने बज्यै, नानीछोरी, शान्ति, राधा आदि अशिक्षित पात्र हुन् । अशिक्षित नारी पात्रले सामाजिक पारम्परिक मूल्य र मान्यतालाई जड रूपमा स्वीकार गरेको पाइन्छ । बज्यै र नानीछोरीले लोग्नेको नाम मात्रै उच्चारण गर्दा पनि पाप लाग्ने, पति छँदाछँदै अर्को विवाह गर्न नहुने भन्नुले सामाजिक परम्पराको द्योतन हो भन्न सकिन्छ। यस्ता रूढीविरुद्ध उच्च ज्ञान पाएर पनि त्यसको विरुद्ध लागि पर्न नसक्नु चाहिँ उर्मिलाको कमजोरी मानिन्छ र उसलाई पुरानो संस्कारले बाँधेको छ। सामाजिक परम्परा अनुसार आफूभन्दा ठूलाको वचन काट्नु हुदैन भन्ने कुराको बोध हुँदाहुँदै पनि त्यसलाई तोडेर ऊ आमा र बज्यैसँग मुखैमुख लाग्न पुगेकी छे। सार्वजनिक रूपमा पतिको नाम उच्चारण गर्नु, पतिलाई निर्जीव बेलको सङ्ज्ञा दिनुका साथै ऊ आफ्ना निम्ति मरिसकेको कुरा गर्नु निश्चय नै परम्परित मूल्य र मान्यताप्रतिको आक्रोश हो, विरोध हो । बज्यै र नानीछोरीलाई मर्यादा नराखी बोल्नुले उनीहरूको अगाडि जुलुसमा भाग लिएर हिँड्नुले उर्मिला शिक्षित भएर नै हो । नानीछोरीको भनाइमा "अँ अस्ति जुलुसमा उफ्रीउफ्री कराएर आएको देखेर मलाई नै लाज लाग्यो म झ्यालमा बस्न नसकेर त्यसै भित्र पसेँ ।" (१:६) यसबाट के स्पष्ट हुन्छ भने नानीछोरीलाई जुलुसमा हिँड्दा नारी जाति बिग्रन्छन् भन्ने सोचका कारण उनीले ईर्ष्या गरेको देखिन्छ । लोग्नेलाई ठाडो बोली बोल्नुले पनि उसभित्रको आन्तरिक द्वन्द्व बाह्य रूपमा प्रकट भएको मान्न सकिन्छ। तात्कालिक पारम्परिक समाजले नारीलाई यो हद सम्मको स्वतन्त्रता प्रदान गरेको थिएन । यस्तो स्थितिमा उसले पारिवारिक विरोधको बेवास्ता गर्दै नारी उत्थानका पक्षमा काम गर्नु पनि पुरानो पुस्ताको विरुद्ध सङ्घर्ष गर्ने आँट मान्नु पर्छ। उर्मिलाको नारी सङ्गठनप्रतिको संलग्नतालाई उसकी आमाले कत्ति मन पराएकी छैन । त्यसैले नानीछोरी उर्मिलालाई "तँ पहिले आफनो अनुहार हेर् अनि मात्र नारी सुधारका कुरा गर ।" (२:१९) यहाँ पनि शिक्षित र अशिक्षितबीचको विद्यमान विद्रोहको ज्वलन्त उदाहरण मान्न सकिन्छ । नारी शिक्षित भएपछि आफ्नो मात्रै हक अधिकार सुनिश्चित गर्न नभई सम्पूर्ण नारी जातिको सामाजिक स्वतन्त्रता, दमन, शोषण जस्ता विषयलाई न्यूनीकरण गर्न कटिबद्ध भई लागि पर्दा नारी जातिबाटै कुरा काटिनुले उर्मिलालाई समस्या बनाएको भएपनि एउटा शिक्षित नारीले यसलाई सहज तरिकाले समाधान गरेकी छिन् । समयको अन्तरालमा सुन्दरमान समेत नजिकीन खोजेको कुरा यसबाट प्रष्ट हुन्छ- "त्यो सुन्दरमान ? पछि लाग्यो ? (हाँसेर) अस्ति तिमी केही न केही थियौ अहिले पढ्यौ, यतउति ग-यौ, तिम्रो व्यक्तित्त्व बढ्यो तिमी आधुनिक मान्छे भयौ, तिम्रो पोइमा रोमान्स पैदा भयो ।" (२:२४) यसरी सुन्दरमान उर्मिला प्रति आकर्षित भएको पाइन्छ। उता विवाह गरेर लामो समय माइतमा बसेर घर नफर्किदा बज्यै र नानीछोरीलाई पिरलो परेको छ तर उर्मिला भने सुन्दरमानकी अर्की स्वास्नी र छोराछोरीको मनमा तुषारापात गराउनु भन्दा उनीहरूलाई पनि आनन्दसँग ज्यूँन दिनु नै उचित हो भन्ने सम्झी यही बसेर आफूले प्राप्त गरेको उच्च शिक्षाको सदुपयोग गर्ने, महिला अधिकारका लागि सङ्घर्ष गर्ने कार्य नै महान् ठानी पतिको घर नफर्किने निर्णय शिक्षित नारीको महान् तथा आँटिलो निर्णय मान्न सकिन्छ । अतः यस नाटकमा शिक्षित नारी पात्र र अशिक्षित नारी पात्रको बीचमा तीव्र द्वन्द्व छ भन्ने कुरा स्पष्ट हुन्छ ।

### १.३.४ भुसको आगो नाटकमा सम्पन्न वर्ग र विपन्न वर्ग बीच द्वन्द्व

प्रस्तुत भुसको आगो नाटकमा सम्पन्न र विपन्न वर्गबीच द्वन्द्व भएको पाइन्छ । यस नाटकमा सम्पन्न वर्गको प्रतिनिधित्व सुन्दरमानले गरेको छ भने विपन्नको प्रतिनिधित्व उर्मिलाको माइती पक्षकाले गरेका छन् । सुन्दरमानको आमाबाबुलाई आफू सम्पन्न र अभिजात वर्गको हुँ भन्ने घमण्ड बढेर उर्मिलाको पक्षकाले भोज आयोजना गर्दा भोजमा तल्ला जातिका मानिससँग भोज खुवाएको निँहुमा उर्मिलालाई माइतीमा छाडिदिएको पाइन्छ । आमा बाबुको एक इन्च पनि कुरा काट्न नसक्ने सुन्दरमानको विवाह कुल घराँनीया केटीसँग सामाजिक परम्परा अनुरूप नै विवाह गरिदिन्छन् । यसै प्रसङ्गमा उर्मिला भन्छे-“तिमीले भनेर के गर्नु, त्यो राम्री छ म भन्दा साह्रै साह्रै । कुल घरान, असल स्वभावकी, खोट कतै केही ठाँउ छैन रे नपढेर नलेखेर के हुन्छ ? मैले पनि त पढे लेखेको थिइन नि ।”(२:२२) यसबाट प्रष्ट हुन्छ सुन्दरमानको घर परिवार कुल घरानको भएको र आफ्नो घर भने सामान्य भएकाले आफूलाई हेला गरेको विचार प्रकट भएको छ। माइतको कुनै भोजमा ठूला जातका मान्छेसँगै राखेर नख्वाएकाले आफ्नो धनाढ्यता अपमानित भएको निहुँमा घरका मान्छेले नवविवाहिता उर्मिलालाई लिनै व बोलाउनै पठाएनन् । घरबाट लिन पठाउने आशामा उर्मिलाले माइतमै बसेर दिन काटिन्, पढ्न थालिन् । उनको इच्छा, आकाङ्क्षा, अस्तित्त्व र मर्यादाको कुनै ख्याल गरिएन । विना सम्बन्ध विच्छेद लोग्नेले अर्की दुलही भित्र्याए । यसबाट हुनेखाने सम्पन्न वर्गले बहुविवाह गर्ने प्रचलन सामान्य रहेको बुझिन्छ । “अनि अर्की आई, म भन्दा राम्री, घरानकी त्यो कोठा भित्र गई होली ।” (३:२९)

यसरी उर्मिलाको परिवार भन्दा सुन्दरमानको घर धनी, अभिजात वर्गको भएको आभाष हुन्छ । धनी र गरिबको यही खाडलले गर्दा उनीहरूको बीचमा हुनु पर्ने प्रगाढ सम्बन्धको बाबजुद् सधैका लागि उनीहरू एक्लाएक्लै बस्नु पर्‍यो ।

### १.३.५ भुसको आगो नाटकमा ठूलो जात र साना जात बीच द्वन्द्व

यस नाटकमा जातिगत द्वन्द्व पनि पाइन्छ । जातिगत द्वन्द्वमा नेवार जातिभित्र पनि ठूलो र सानो जाति विद्यमान छ जसको कारण यस नाटकमा सुन्दरमान घरानिया भएको घमण्ड देखाई आफूलाई हेला गरेको भनी उसका बाबु आमाले उसलाई अर्की केटीसँग विवाह गरेको प्रसङ्गले उर्मिलाको जीवनमा नराम्रोसँग चोट पुर्‍याएको कुरा निम्न भनाइले प्रष्ट हुन्छ ।

“हाम्रो के दोष र ! धनले जात आउँछ र आउँदैन ? हामी आफू त सानो जात । उता उर्मिलाको घर अलि धनी भएकाले ठूलो जात रे । हामीले के बिरायौ तिमी नै भन त ? भोजमा हामीले ठूलो जातसँग राखेर ख्वाएनौं रे । किन ख्वाउनु, हामी सानो जातको मान्छे ।” (१:७)

यस नाटकमा सुन्दरमान र उर्मिलाको बीचमा जातीय द्वन्द्व हुनुमा सुन्दरमानको परिवारलाई तल्लो जातिसँग राखेर भोजमा ख्वाएको भनी परिवारले सुन्दरमानलाई अर्की केटीसँग विवाह गरिदिन्छन् । उर्मिला यही कारणबाट विक्षिप्त भई व्यापक अन्तर्द्वन्द्वमा पर्छे ।

“म मात्रै किन वास्था गर्थे त्ल्लाइ । बाबु आमाको असल छोरो ठूलो जात ... ”(१:९)

यहाँ उर्मिलाले सुन्दरमानलाई बेवास्था गरेकी छे ।उर्मिलाको विचारमा म सानो जातकी भएर नै मेरो मेरो बेवास्था गरेको स्वीकार गर्छे ।

“परम्परागत भनुँ भने हाम्रो परम्परा अर्कै ! बा आमाको भित्र मनमा म कसैसित गए त हुन्थ्यो भन्ने छ ।”(२:१५) यहाँ परम्परा उल्लेख गर्नुले आमा र हजुर आमालाई पनि जातीय समस्याको कुरा गरेकोले उर्मिलालाई अर्कैसँग बिहे गर्ने विचारले जातीय द्वन्द्वको केही छनक भने पाइन्छ । “हो, मैले थाहा पाएँ ! सानी जात अलच्छिनी भन्नुहुन्छ हगि ?” (३:३२)

उर्मिलाको यस भनाइमा सुन्दरमानको परम्परा समेत भिन्नै भएको कुरा स्वीकार गर्दै बा आमाको मनमा पनि छोरी घरमा नजाने कुराले व्यग्र चिन्तित पारेको छ । उर्मिलाका बाआमा छोरी अन्तै कसैसित गए हुन्थ्यो भन्ने विचारमा छन् । यसबाट के स्पष्ट हुन्छ भने उर्मिला सानो जातकै कारण सुन्दरमानको घरमा जाने आँट नगर्नु र छोरीले घर गरेर नखाएको कारण आमा बाबु दिक्क हुनुले उनीहरूको बीचमा तीब्र द्वन्द्व छ भन्ने कुरा स्पष्ट हुन्छ ।

**१.३.६ निष्कर्ष**

यस नाटकमा सामाजिक कुपरम्परा र नारीको अस्तित्वलाई बुझ्न नखोजी केवल आफ्नो खेलौना र घर सजाउने पुतली अनि सन्तान उत्पादन गर्ने मेसिन सम्झिने सामन्ती चिन्तन प्रतिको आफ्नो असहमतिलाई पतिपरित्यत्ता उर्मिला र पतिवियोगिनी राधाको वेदनामय र कारुणिक जीवनकथालाई यथार्थको धरातलमा उभिएर नियाली दर्शक र पाठकका सामू राखिदिएका छन् । उर्मिलाको चरित्रभित्र पुरुषहरूको अन्याय, अत्याचारको परम्परागत जाँतो हटाउन चुपचाप लागेर होइन डटेर लड्नु पर्छ भन्ने सिकाउन चाहन्छन् । उर्मिलाको चरित्रभित्र पुरुषहरूको अन्याय अत्याचार सहेबापत, सासू बज्यैको टोकेसो र सास्ती सहे बापत तिरस्कारको पुरस्कार लिएर ओरालो लागेको नारी जीवन मूर्तिन सकेको छ । अतः पुरुष जातिले नारी जातिलाई शदीयौंदेखि आफ्नो चक्रव्यूहमा फँसाइ आएको परिवेशमा भने यस नाटकमा प्रयुक्त प्रमुख पात्र उर्मिला भने नारी पनि सामाजिक मर्यादा राखेर समाजमा उनीहरू बाँच्न सक्छन् भन्ने कुराको पुष्टि हुन्छ । साथै यस नाटकले भित्रभित्रै फैलिएको आगोबाट भुसको थुप्रो झैं धार्मिक बन्धन र रूढीवादी परम्परा, पारिवारिक कलह, अवाञ्छित वैवाहिक सम्बन्धका कुराहरू नारी जीवनमा नै फैलिएको छ । अतः यस नाटकमा प्रयुक्त पात्रहरूको कथानकको अवस्थालाई हेर्दा नारी र पुरुष, सम्पन्न र विपन्न, ठूलाजात र सानो जात, शिक्षित र अशिक्षित बीच तीव्र द्वन्द्व भएको पाइन्छ ।

**सन्दर्भसूची**


अधिकारी, हेमाङ्गराज (२०५०), **पूर्वीय समालोचना,** ललितपुर : साझा प्रकाशन

उपाध्याय, केशवप्रसाद (२०४९), **साहित्य प्रकाश**, प.स., काठमाडौँ : साझा प्रकाशन ।

गोठाले, गोविन्दबहादुर मल्ल (२०१३), **भुसको आगो,** काठमाडौं : साझा प्रकाशन ।

----, (२०१६), **च्यातिएको पर्दा,** काठमाडौँ : साझा प्रकाशन ।

----, (२०२७), **दोष कसैको छैन**, काठमाडौँ : साझा प्रकाशन ।

गौतम, देवीप्रसाद (२०५६), **नेपाली कथा** (समीक्षा र पाठहरू), काठमाडौँ : पैरवी प्रकाशन ।

घर्ती, दुर्गाबहादुर (२०६७), **मनोविश्लेषणात्मक नेपाली उपन्यासमा पात्रविधान**, काठमाडौं : साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव (२०६४), **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा,** काठमाडौं : साझा प्रकाशन ।

दाहाल, कृष्णप्रसाद (२०६०), **विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा द्वन्द्व विधान**, काठमाडौँ : नेपाल प्रज्ञा राष्ट्रिय प्रतिष्ठान ।

दाहाल, कृष्णप्रसाद (२०६०), **विश्वेश्वरप्रसाद कोइरालाका कथामा द्वन्द्वविधान**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

नकर्मी, नन्दमाया (२०६३), **नेपाली नाटकमा नारी समस्या**, काठमाडौं : रत्न पुस्तक भण्डार ।

बराल, ऋषिराज (२०६६), **मार्क्सवाद र उत्तर आधुनिकतावाद**, काठमाडौं : साझा प्रकाशन ।

बराल, कृष्णहरि (२०६८), **मनोविश्लेषण र साहित्य**, अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन प्रा. लि. काठमाडौं ।

भट्टराई, देवीप्रसाद (२०६९), **शैक्षिक मनोविज्ञान,** काठमाडौं : क्वेस्ट पब्लिकेसन ।


❑❑

लेख

# वर्तमान राजनीतिमा महिला सहभागिताको अवस्था

● **सफल दाहाल**
बी.ए., दोस्रो वर्ष

नेपाल एक बहुभाषिक, बहुसाँस्कृतिक, बहुजातीय, बहुवर्गीय एवम् धार्मिक र राजनैतिक दृष्टिकोणबाट पनि विविधतायुक्त राष्ट्र हो। यहाँ बसोबास गर्ने विभिन्न जातजाति, वर्ग, भाषाभाषी र समुदायका आफ्नै किसिमका साँस्कृतिक, परम्परा, रीतिरिवाज, भाषाशैली र जीवनशैली छन्। यसैलाई नेपालको पहिचान मान्न सकिन्छ। राष्ट्रमा शिक्षाको विकासका लागि सबै जातजाति, लिङ्ग र वर्गहरूको अमूल्य भूमिका रहने गर्दछ।

राजनीतिले मानिसको जीवनमा गाँस, बास, कपास, इज्जत, सम्मान र प्रतिष्ठामा टेवा पुऱ्याउँछ। जुन देशमा विकास र राजनीतिको समान सहभागिता हुन्छ, ती देशहरूको विकास तीव्र रूपमा हुँदै गएको पाइन्छ भने हाल नेपालको विकासमा कमजोरी हुनुको कारण समान सहभागिता नहुनु हो। आज भन्दा ७० वर्ष अघि नेपालमा राजनीतिक नाममा एकलौटी जहानीयाँ शासनमा गुज्रिरहेका आम नागरिक जहाँ शिक्षा र देशको विकास न्यून रहेको पाइन्थ्यो। जब नेपालमा ठुल्ठुला परिवर्तनकारी आन्दोलनका कारण नेपालमा राजनीतिक परिर्वतन भए र १०४ वर्षीय जहानीयाँ राणा शासनको अन्त्य गरेर प्रजातन्त्र स्थापना गरी जनतालाई केही मात्रमा सहाभागी हुने र आफ्नो अधिकारको आफैँ निर्णय गर्ने अधिकार पाए। तर आजको समयमा आइपुग्दा महिलाले ३३ प्रतिशत अधिकार संविधानका माध्यमबाट राजनीतिक अधिकार पाएको अवस्था छ। राष्ट्रका सबै नागरिकहरूमध्ये महिलाहरूलाई सहभागिताको मूलधारमा समाहित गर्नुपर्दछ। विभिन्न क्षेत्रमा रहेका सहरी, ग्रामीण भेगीय, क्षेत्रीय रूपमा पछि परेका गरिबीको रेखामुनि रहेका दलित महिलाहरूलाई राजनीतिमा समान सहभागितालाई जोड दियो।



२०६८ सालको जनगणना अनुसार नेपालको कूल जनसंख्यामा ५०.०५ प्रतिशत महिलाहरूको जनसंख्या रहेको छ। कार्यक्षेत्रका आधारमा कृषि क्षेत्रमा महिला सहभागिता ८५.१६ प्रतिशत, गैर कृषि अनौपचारिक क्षेत्रमा १२.८० प्रतिशत र गैर कृषि औपचारिक क्षेत्रमा १.९९ प्रतिशत रहेको पाइन्छ। छोरी भएका कारणले अंश र वंशको मुद्दामा र कानुनी रूपमा नेपाली महिलाहरूले ठूलो विभेद् खेपिरहेका छन्। केही समय अघि छोराले बुबाको सम्पती कुर्नु नपर्ने तर छोरी भएका कारणले गर्दा बाबुको सम्पत्ति पाउन ३५ वर्ष कुर्नुपर्ने बाध्यता थियो। अन्तमा विवाह गरे उक्त सम्पति फिर्ता गर्नु पर्ने प्रावधान कानुनमा थियो। नेपालको संविधान २०७२ मा भने सम्पत्ति समान रहने व्यवस्था रहेको छ। निजामती सेवा ऐन २०४९ को दोस्रो संशोधन २०६४ अनुसार खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा ४५ प्रतिशत महिला, आदिवासी, जनजाति, मधेशी, अपाङ्ग, दलित र पिछडिएको क्षेत्रलाई छुट्याएकोमा त्यसलाई शतप्रतिशत मानी सो मध्ये ३३ प्रतिशत उम्मेदवारबाट मात्र प्रतिस्पर्धा गराई पदपूर्ति गर्ने व्यवस्था छ। यसैगरी नेपालमा प्रहरी र नेपाली सेनामा भिन्न पदमा समेत महिलाहरूका लागि केही शक्तिशाली बनाउँदै लगेको भए तापनि उनको विवाहपछि उक्त सम्पत्ति भाइ (हकवाला) लाई फिर्ता गर्नुपर्ने व्यवस्था रहिरहेको पाइन्छ। नेपालको संविधान २०७२ को धारा ३८ मा महिला हकको उल्लेख गरेको पाइन्छ भने प्रत्येक महिलालाई सुरक्षित मातृत्व प्रजनन र

स्वास्थ्य सम्बन्धी हक हुनेछ। महिला विरुद्ध धार्मिक, सामाजिक, साँस्कृतिक परम्परा, प्रचलन वा अन्त्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन। ऐन विपरीतका कार्य कानुन बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानुन बमोजिम क्षतिपूर्ति पाउने व्यवस्था छ। राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने व्यवस्था छ। राजनीतिमा केवल सहरी महिला हुनेखाने अनि पुँजीपतिको मात्र सहभागितामा भएको पाइन्छ। अन्य महिलाको राजनीतिमा समान सहभागिताका लागि उनीहरूका विविध समस्याहरूको अध्ययन तथा पहिचान गरी समान सहभागिताको अवसर वृद्धिका उपायहरू प्रस्तुत गर्ने प्रयास गरियो। समाज वा देश समाजिक, आर्थिक, शैक्षिक, भौगोलिक, धार्मिक, राजनैतिक, मनोवैज्ञानिक र साँस्कृतिक परिवेशको संरचनाबाट निर्मित भई उद्देश्य परिप र्तिका लागि अगाडि बढ्नु पर्दछ। महिला समाजका लागि अनुलनीय र देशको मेरुदण्डका रूपमा रहेको, अब्बल दर्जामा रहेको पाइन्छ। वि.सं. २०४७ साल पश्चात गठित सरकार हरूले पिछडिएका महिला वर्ग, दलित, जनजातिहरू तथा शैक्षिक अवसरबाट वञ्चित विभिन्न अवस्थाका महिलाहरूलाई विना भेद्भाव शिक्षाको मूल प्रवाहमा समाहित गर्ने प्रयासहरू गर्दै आइरहेका भए पनि व्यवहारमा पूर्णरूपबाट लागू हुन सकिरहेको छैन। समाजमा सामाजिक उँचनीच, आर्थिक सम्पन्नता र विपन्नताले सहभागितामा आँच आइरहेको पाइन्छ। राजनीति स्तरमा महिलाको समान सहभागितालाई तीव्रता दिनका लागि विभिन्न सरकारी नीति र गैर सहकारी संस्थाहरूले आफना कार्यक्रमहरू सञ्चालन गर्दै पनि आइरहेका छन्। राजनीतिमा महिला सहभागिता वृद्धि गर्नका लागि सर्वप्रथम त समतामूलक सोच र दृष्टिकोण निर्माण गर्नुपर्छ। पुरुष र महिला बीचमा रहेका सबैखाले विभेद हटाउने प्रयत्न गर्नुपर्छ। कानुनी तहमा महिलाहरूको हकअधिकार सुनिश्चित गर्दै उनीहरूलाई माथि उठाउन विशेष अधिकारको व्यवस्था गर्नुपर्छ। पुरुषवादको सिन्डिकेट अन्त्य गर्न र धर्मसंस्कृतिको अवरोध चिर्न महिलाहरूलाई मानसिक रूपमा सक्षम र तयार पार्नुपर्छ। राज्यले अभियानकै रूपमा महिला संचेतनाका कार्यक्रम सञ्चालन गर्नुपर्छ र पर्याप्त मात्रामा अवसरहरूको वातावरण सिर्जना गर्नुपर्छ। तब मात्र राजनीतिमा महिलाहरूको सहभागिता वृद्धि गराउन सकिन्छ। यसैगरी नेपाली महिलाहरूमध्ये आफूलाई सहरीया, शिक्षित र सम्भ्रान्त ठान्ने केही महिलाहरू कथित आधुनिक र स्वतन्त्रताका नाममा आफैँलाई दास, खेलौना र विलासिताको साधनमा रूपान्तरित गर्दै सामन्तवादलाई प्रश्रय दिने कार्यमा तल्लीन रहनु आम नेपाली महिलाका निम्ति दुःखद् र लाजमर्दो कुरा हो। कथित प्रग्रतिका झुठा बकवास अलाप्दै विभिन्न नाम र शैलीका सुन्दरी प्रतियोगिताहरूमा लट्ठयाइएका, दलाल पूँजीपति र बहुराष्ट्रिय कम्पनीहरूका विज्ञापनमा नग्न-अर्धनग्न कठपुतलीका रूपमा नचाइएका र कथित तारे होटल, क्याबिन र डान्सबारहरूमा तश्कर र दलालहरूद्वारा मनोरञ्जनका साधनका रूपमा प्रयोग हुन बाध्य पारिएका कतिपय महिलाहरूका कारण समग्र महिलाहरूको प्रतिष्ठा र सुरक्षा समेतमा गम्भीर असर परेको छ।

आफूलाई पढेलेखेका, शिक्षित, एवम् सभ्य ठान्ने र कतिपय प्रगतिशील दावी गर्ने पुरुषहरूबाट समेत महिलाहरू प्रताडित भइरहेको आजको यथार्थता अर्को लाजमर्दो र घिनलाग्दो पक्ष हो। पढेलेखेका र सुसंस्कृत भनिने जमातभित्र समेत महिलाहरू आफ्नै सहकर्मी पुरुषहरूद्वारा अपमानित हुनु परेको छ। आज पनि विवाह पश्चात् सन्तान भइसके पछि पनि सम्बध विच्छेद, दाइजो, बहुविवाहका नाममा गरिने उत्पीडनको विकराल स्थिति रहेको छ। अर्कोतिर हेर्ने हो भने ग्रामीण महिलाहरू घरेलु र कृषि श्रममा बाँचेका छन्। अर्को शब्दमा भन्दा महिलाहरूका लागि जमिन छ -अधिकार छैन, श्रम छ -मूल्य छैन, समाज छ -सामाजिक अधिकार छैन्। जीवन छ -प्राण छैन

भनेजस्तो स्थितिमा बाँचेका छन् । महिला अधिकारका सवाललाई सकारात्मक रूपमा लिने हो भने महिला र पुरुष बीचको आपसी असन्तुलनलाई हटाई दुवैलाई समान स्तरमा उठाइदिन्छ । यस्तो स्थितिमा व्यक्तिगत सम्पति सम्बन्धको अन्त्य हुने हुँदा वर्गहरू रहने छैन र समानता हुन्छ । त्यहाँ विकास र आर्थिक हिसाबले नयाँ युगको सिर्जना हुन्छ । महिला र पुरुष बीचमा प्राकृतिक श्रम विभाजनबाहेक अन्य विभेद त्यहाँ रहने छैन । महिलाहरूले आफ्ना सबै मानसिक तथा शारीरिक शक्ति तथा सामर्थ्यको विकास गर्न र आफ्ना रूचि, इच्छा र योग्यता अनुसारका आफ्ना कार्यक्षेत्र चयन गर्न पाउने छन् । पुरुषजत्तिकै स्वतन्त्र र समानपूर्ण जीवन उनीहरूको हुने गर्दछ । वृद्धाश्रम र शिशु स्याहार केन्द्रहरू खुल्ने हुँदा लामो समयसम्म बच्चा र वृद्धहरूको स्याहारमा महिलाहरूको बढी समय खर्च हुनुको साटो उत्पादनमूलक कार्यमा सहभागिता हुन पाउने छन् । जसले गर्दा समय र शक्तिको बचत हुनुका साथै महिलाहरूको जीवनस्तर उच्च र सार्थक बन्ने छ । समाजमा महिलाहरू प्रेम, विवाह, यौनका सन्दर्भमा पुरुषजत्तिकै स्वतन्त्र हुनेछन् । विकास र राजनीतिमा समान सहभागिता रहने छ । महिलाहरूको आर्थिक जीवन सबल र सक्षम हुने हुँदा सामन्तवाद र पूँजीवादमा झैँ महिलाहरू शोषित हुनु हुँदैन् । यसरी द्वन्द्वात्मक ऐतिहासिक भौतिकवादी दृष्टिकोणका आधारमा अध्ययन गर्दा वैज्ञानिक साम्यवाद मानव जातिको उच्चतम् अवस्थामा पुगेर मात्र महिलाहरू पूर्णरूपमा मुक्त हुनेछन् । तसर्थ आज विश्वका जनताले समाजवादी क्रान्तिको माग गरिराखेका छन् । साथै महिलाहरूका केही अधिकारहरू सुनिश्चित हुँदै गइरहेका छन् । समाजवादी क्रान्तिमार्फत् नै पुरानो उत्पादन सम्बन्ध तोड्दै नयाँ उत्पादन सम्बन्ध कायम हुन पुग्दछ र सम्पूर्ण मानव जातिको मुक्ति हुनुका साथै महिलाहरू पूर्णरूपमा स्वाधीन र स्वतन्त्र बन्न सक्नेछन् । हाल नेपालमा राजनीति मानव जीवनको एक महत्वपूर्ण पाटो बनेको छ । जीवनमा गाँस, वास, कपास जस्तै शिक्षा, स्वास्थ्य, रोजगार तथा कम्प्युटर सम्बधमा आधारभूत आवश्यकता बनेको छ भने राजनीति पनि यिनीहरूमध्ये कुनै एकको अभावमा जीवन अधुरो हुन्छ । नेपालमा पनि ठूलो परिवर्तन राजनीति परिवर्तनका माध्यमबाट मात्र सम्भव भएको हो । समाजमा रहेको शोषण, उत्पीडन र दमनकारी राज्यसत्ताको अन्त्य गरी नयाँ राज्यसत्ता स्थापना गर्ने थुप्रै पटक जनआन्दोल र सशस्त्र विद्रोह भएका छन् । वि.स २००७ साल, २०३६ साल, २०४६ साल र २०६२ र ०६३ सालको आन्दोलन होस् या लखन थापा, भीमदत्त पन्त, बारा-पर्साका किसान विद्रोह, त्यस्तै गरी संस्थागत ढंगबाट राणाहरूको विरुद्धमा काँग्रेसले गरेको विद्रोह यसका केही उदाहरण हुन् । समाज र राज्यसत्ताको आधारभूत चरित्र बदल्ने धेरै आन्दोलनमा जनताले समर्थन, पसिना, रगत बगाएका छन् । तर तिनका नेताको कार्यशैली, क्षमता वा इच्छा नभएर आन्दोलन सफल हुन सकेन । पछिल्लो समयमा वि.सं.२०५२ साल फागुन १ गते भएको १० वर्षे जनयुद्धले भने केही हदसम्म जनताका हक अधिकार स्थापनामा ठूलो भूमिका खेलेको छ । यसबाट प्राप्त उपलब्धि संविधानसभा, गणतन्त्रको घोषणा, धर्मनिरपेक्षता, संघीयता, समानुपातिक समावेशी लगायत महत्वपूर्ण उपलब्धिहरू भएका छन् । यसलाई राजनीतिका माध्यमबाट भएका उपलब्धिहरू मान्न सकिन्छ । यसैले गर्दा समाजमा हरेक वर्ग, लिङ्ग, वर्ग तथा धर्मका मानिसले भेद्भावरहित राजनैतिक अधिकार वा अवसर प्राप्त गर्नु उनीहरूको नैसर्गिक अधिकार हो । यो सहभागिताको अवसरबाट कोही पनि वञ्चित हुनु हुँदैन । अतः महिलाले पनि विना भेद्भाव पुरुष सरह राजनीति र विकासे काममा समान अवसर पाउनु पर्दछ ।

❑❑

कविता

# आधुनिक युग

● स्वस्तिका केसी
बी.बी.एस्., प्रथम वर्ष

भन्छन् सबै आधुनिकले विकासको जरा हालयो
किन किन यो युग त्यसै घृणा लाग्न थाल्यो ।
आधुनिकले छोप्यो भन्छन् फेशन मात्र गर्न थाल्छन्
अँध्यारोमा टुकी सल्काई घाम लागे'सी सोलार बाल्छन् ।

लामोलामो केश पाली लाउँछन् केटा मुन्द्री पनि
सोफासेटको तिलक खोज्छन् घरमा छैन गुन्द्री पनि ।
पाइन्ट लाउँछन् हिप माथि चस्मा लाउँछन् टाउको माथि
घरमा हुन्न खाने सामल भट्टी धाउँछन् रातिराति ।

दुई रूपैयाँ कमाइ छैन फेसबुकमा हिरो अरे
घरमा जहान बालबच्चा इन्स्ट्राग्राममा सिंगल हो रे !
पढाइ पट्टि ध्यानै छैन टिकटकमा सेलीब्रेटी
नपढेकै कारणले त बम्बई पुग्छन् चेलीबेटी ।

भ्रष्टाचार र घुसभित्र डढी सक्छन् नेताहरू
ऋण लिई पार्टी ख्वाउँछन् आन्दोलनका केटाहरू ।
देशमा खाली बढेको छ हत्या हिंसा बलात्कारी
सरकार भने चुपचाप बस्ने कहिले होला चमत्कारी ॥

❑❑

# गजल

● यमबहादुर भुजेल
वि.वि.एस्., चौथो वर्ष

कोही मालिक कोही दास हुन सक्छ ।
जसलाई हेप्छौ उही खास हुन सक्छ ॥

प्रेमको परीक्षा तिमीले फेल बनाए पनि,
जिन्दगीको परीक्षा मेरो पास हुन सक्छ ॥

भाग्यमा होइन कर्ममा विश्वास छ मेरो,
तर असफल भएमा उपहास हुन सक्छ ॥

सकेसम्म सहयोग गर्नु पो मानवता हो,
खुट्टा तान्दा जो कोही निरास हुन सक्छ ॥

❑❑

## प्राध्यापक साथी के तपाईंले यी कामहरू कक्षामा गर्नु भयो ?

- हिजो दिएको गृहकार्य चेक गर्नु भयो ?
- तपाईंको कक्षा सफा छ त ?
- बेन्च र डेक्सको रखाइ पो मिलेको छैन कि ?
- विद्यार्थी बसाइमा वैज्ञानिकता पो छैन कि ?
- हिजोको पाठ पुनरावृत्ति गर्न त भुल्नु भएन नि ?
- आजको पाठको निर्देशन सबै विद्यार्थी समेट्ने खालको भएको छ छैन ?
- कक्षा क्रियाकलापमा विद्यार्थीलाई पर्याप्य समय छुट्याउनु भएको छ हैन ?
- शिक्षणमा विविधता र रोचकता ल्याउनु भएको छ छैन ?
- कमजोर विद्यार्थीलाई थप पृष्ठपोषण पो पुगेन कि ?
- कक्षाको अन्त्यमा व्यक्तिगत, समूहगत र कक्षागत मूल्याङ्कन त गर्नु भयो हैन ?
- भोलिलाई गृहकार्य दिँदा सबैको रूचि र पाठको उद्देश्य त छुटेको छैन होला नि ?
- पढाउनु अघि 'पूर्व पाठ्य चिन्तन' र पढाएपछि पनि 'पश्च पाठ्य चिन्तन' गर्ने सकारात्मक सोच राख्नु भएको छ हगि ?
- कक्षामा यी सबै तत्व मनन गरौं । सन्तुष्टिदायक पठनपाठनलाई बढावा दिऔं ।

धन्यवाद !

---

## महान् वाणीहरू

- गरिब भएर जन्मनु तिम्रो दोष होइन तर गरिब भएर मर्नु तिम्रो दोष हो । त्यसैले प्रयास नछोड ।
  - स्टिभ जब्स
- मलाई असल आमा देऊ । म तिमीलाई असल राष्ट्र दिन्छु । - नेपोलियन
- असम्भव भन्ने कुरा केवल मूर्खहरुको डिक्सनेरीमा मात्र हुन्छ । - नेपोलियन
- जननी जन्मभूमिश्य स्वर्गादपि गरियसी - रामायण
- हातका मैला सुनका थैला के गर्नु धनले ? साग र सिस्नु खाएको बेस आनन्दी मनले । - देवकोटा
- खोज्छन् सबै सुख भनी, सुख त्यो कहाँ छ ? आफू मिटाई, अरूलाई दिनु जहाँ छ ? - देवकोटा
- एक पाथी तितेपातीको रसमा भन्दा एक थोपा महमा मौरीहरू झुम्मिन्छन् । - अज्ञात
- बिरुवाको विकास आधुनिक कृषि प्रविधिबाट हुन्छ भने मानिसको विकास शिक्षाबाट मात्र सम्भव छ ।
  - युजी कृष्णमूर्ति
- Practice Makes A Man Perfect.
- आमाबाबु सन्तानका लागि जिउँदा देवता हुन् । - अज्ञात

- सिकाइलाई दिगो राख्न सिकेका नयाँ कुरा ७० घन्टासम्म दोहोऱ्याई रह्यो भने त्यो दिमागमा स्थिर भएर रहन्छ । - चाइनिज शिक्षाविद्
- सुगन्ध र वायु विपरीत कहिल्यै जाँदैन । - गौतम बुद्ध
- माताको हृदय नै बच्चाको पहिलो पाठशाला हो । - साहित्यकार प्रेमचन्द
- बोट बिरुवालाई माया गरौं, एउटा फूलको थुँगा टिप्नुको सट्टा अर्को बिरुवा रोप्न सिकौं । - ज्ञानी
- जहाँ सफा छ त्यहाँ स्वस्थ छ, शान्त छ र त्यहाँ सभ्यता पनि छ । -ज्ञानी
- बिरुवाको विकास आधुनिक कृषि प्रविधिबाट र मानिसको विकास शिक्षाबाट हुन्छ । -जेके कृष्णमूर्ति
- जीवनमा तीनवटा कुरा सदैव ख्याल गर्नु पर्छ - आहार, विहार र व्यायाम ।
- उद्देश्य लिनु के ? उडी छुनु चन्द्र एक । - महाकवि लक्ष्मीप्रसाद देवकोटा
- सफल मानिसहरू नयाँ काम गर्दैनन्, त्यही काम नयाँ ढङ्गले गर्दछन् । - शिव खेरा
- विद्यार्थीलाई बुझाएर छाड्नु भन्दा प्रश्न गर्न सक्ने बनाएर जिज्ञासु बनाउँदै छाड्नु पर्छ । - आचार्य रजनीश
- शिक्षाले मानिसको भित्री अन्तर्ज्योतिलाई बाहिर प्रकटावस्थामा ल्याउँछ । - शिक्षाविद्
- नदीलाई हेर र बग्न सिक, फूललाई हेर र सुगन्ध छर्न सिक, पवनलाई हेर र मन्द गतिमा अघि बढ्न सिक । - पूर्वीय धर्मशास्त्र
- एउटा नयाँ पुस्तक पढ्नु भनेको एउटा पवित्र नदीमा नुहाउनु बराबर हो । - मननीय उक्ति
- व्यक्तिको सर्वोत्कृष्ट अलङ्कार भनेको उसले प्राप्त गरेको शिक्षा हो । - मननीय उक्ति
- तिमी श्रीखण्डजस्तो होऊ जसले आफूलाई काट्ने बन्चरोलाई पनि सुगन्धित पारी दिन्छ । - साइबाबा
- जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी - रामायण
- खोज्छन् सबै सुख भनी, सुख त्यो कहाँ छ ? आफू मिटाई, अरूलाई दिनु जहाँ छ ? - महाकवि लक्ष्मीप्रसाद देवकोटा
- आमाबाबु सन्तानका लागि जीउँदा देवता हुन् । -अज्ञात
- सिकाइलाई दिगो राख्न सिकेका नयाँ कुरा ७० घन्टासम्म दोहोऱ्याई रह्यो भने त्यो दिमागमा स्थिर भएर रहन्छ । - चाइनिज शिक्षाविद्
- यदि तिमी हाँस्न जान्दैनौ भने पसल नखोल । - चाइनिज भनाइ

# मन्थली क्याम्पसका चित्रमय झलक:


















## मन्थली क्याम्पसका चित्रमय झलक:














**प्रकाशक:**

मन्थली सहिद स्मृति बहुमुखी क्याम्पस

मन्थली न.पा. -१, रामेछाप

फोन : ०४८-५४००५३, फ्याक्स : ०४८-५४०२९०

इमेल : mssmcampus@gmail.com